# ललितपुर जिल्लाका स्थानीय तहहरुमा निर्मित कानुन सम्वन्धी अध्ययन प्रतिवेदन

(मिति २०८३।०३।२२ को जिल्ला सभाबाट अनुमोदन भएको)


## जिल्ला समन्वय समितिको कार्यालय

मानभवन, ललितपुर

बागमती प्रदेश, नेपाल


आ.व. २०८२/०८३

# ललितपुर जिल्लाका ६ वटै स्थानीय तह समेटिएको नक्सा




# जिल्ला समन्वय समिति ललितपुर

मानभवन, ललितपुर

फोन नं: ०१-५४५३७४७, ०१-५४५५११५, Email:- dcclatcoco2075@gmail.com

# जिल्ला समन्वय समितिको कार्यालय

ललितपुर

मानभवन, बागमती प्रदेश, नेपाल



## शुभकामना मन्तव्य

नेपालको संविधान, २०७२ को धारा २२० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समिति जिम्मेवारी तोकेको छ। उपरोक्त कानुनी प्रावधान अनुसार जिससले जिल्लाभित्रका स्थानीय तहहरू, प्रदेश सरकार एवं संघीय कार्यालयहरूबाट जिल्लामा प्रवाह गरिने सार्वजनिक सेवा एवं विकास निर्माणका कामहरूमा आवश्यक सहयोग समन्वय र सहजीकरण गरिरहेको छ। यसैगरी स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (ज) अनुसार जिससको जिम्मेवारीलाई प्रभावकारी बनाउन आवश्यक अनुगमन एवं अध्ययन अनुसन्धान गरी बागमती प्रदेश सरकारले उपलब्ध गराउने कार्यक्रम तथा बजेट अनुदानबाट यस जिससले जिल्लाका छ वटै ***स्थानीयतहबाट निर्मित कानुनहरू*** (निर्माण प्रक्रिया, संघीय कानुन तथा प्रदेश कानुनसँगको पालना साथै तादम्यता, निर्माण चरण तथा पारित पश्चातको सञ्चार/पैरवी, कानुनको अभिलेख एवं त्यसको प्रयोग) र ***स्थानीय तहको बेरुजु अवस्था*** सम्बन्धी दूई विषयमा अध्ययन गरी सोको प्रतिवेदन तयार गर्न सकिएकोमा अत्यन्तै खुसी लागेको छ । वर्तमान जिसस पदाधिकारीहरुको कार्यकालको अन्तिम वर्षमा भएपनि एउटा रचनात्मक काममा नेतृत्व प्रदान गर्न पाउदा गर्व अनुभूत भएको छ। जिल्ला समन्वय अधिकारीको उत्साह लगनशीलता एवं नेतृत्वमा गरिएको यो अध्ययनले स्थानीयतहहरुलाई राम्रो सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु।

सिमित बजेट र थोरै कर्मचारीहरुको प्रयासमा तयार गरिएका दुईवटा अध्ययनले जिल्लाका सबै स्थानीयतहहरुलाई ढिलै भएपनि एकअर्कालाई तथ्याङ्कगत रुपमा चिन्ने अवसर प्राप्त भएको छ भने जिससले अन्तर-स्थानीयतह संवादमञ्चको रुपमा भूमिका खेल्नु पर्ने जिम्मेवारी बोध पनि भएको छ । अध्ययनको लागि सूचना सङ्कलन तथा स्थानीय तहमा भएका छलफलमा स्वयं म पनि संलग्न हुँदा मैले स्थानीय तहका जनप्रतिनिधिहरूलाई सुरुवाती चरणमै बिषयवस्तु केन्द्रित व्यवहारिक प्रशिक्षण सबै पालिकामा पालिकास्तरमै आवश्यक रहेको महसुस गरेको छु। यसका साथसाथै निर्वाचित प्रतिनिधि र कर्मचारीबीचको खुला छलफल संवाद र परिपूरकताको महत्व र त्यसको तौर तरिकाको अनुभूति स्वयं मैले पनि प्राप्त गरेको छु। जिल्ला समन्वय समितिको औचित्यतालाई लिएर आलोचना एवं बहस व्यापक भइरहेको वर्तमान अवस्थामा यस जिससले स्थानीय तहबाट सम्वद्ध विषयमा तथ्य प्रमाण संकलन गरी सवल र दुर्वलपक्ष समेटेर अध्ययन प्रतिवेदन सार्वजनिक गर्नु सकारात्मक सन्देश

Email:-dcclatcoco2075@gmail.com phone no:-01-5453747, 01-5455115, 01-5425021

## शुभकामना मन्तव्य

प्रवाह हुने नै छ । साथै जिल्ला भित्रका स्थानीय तहहरुमा सकारात्मक प्रतिस्पर्धाको भावना बढने र नविनता तथा श्रृजनात्मकताको लागि हौसला तथा प्रेरणा मिल्ने अपेक्षा गरेको छु।

अन्त्यमा, जिससले तथ्य र प्रमाणमा आधारितभई गरिएका यी अध्ययन प्रतिवेदनले स्थानीयतहको शासकीय प्रक्रियामा एवं नतिजा दुवैमा योगदान पुग्ने आशा छ । साथै यी दुवै प्रतिवेदनहरु जिससको कार्यसंपादनमा कोशेढूंगा हुने विश्वास लिएको छु । यो अध्ययनमा प्रत्यक्ष संलग्न जिल्ला समन्वय समितिका कर्मचारीहरू र तथ्याङ्क विवरण एवं पृष्ठपोषण उपलब्ध गराउने स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दछु । अध्ययन प्रकृयामा दृढतापुर्वक खटिने जिल्ला समन्वय अधिकारी हरि नारायण बेल्बासेलाई अन्तरआत्मा देखि नै बिशेष धन्यवाद ज्ञापन गर्दछु।

२०८३ असार २२

.............................

ऋषि देव फुयाँल

जिल्ला समन्वय समिति प्रमुख


Email:-dcclatcoco2075@gmail.com phone no:-01-5453747, 01-5455115, 01-5425021

# गोदावरी नगरपालिका
# Godawari Municipality
गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
बज्रबाराही, ललितपुर / Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal
२०७३ / 2073


प. सं / Let. No.
च. नं / Ref. No.

**शुभकामना सन्देश**



जिल्ला समन्वय समिति, ललितपुरको अग्रसरतामा जिल्लाका छ वटै स्थानीय तहद्वारा निर्माण गरिएका कानुनहरूको विविध आयाम तथा आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्मको बेरुजु अवस्था सम्बन्धी अध्ययन गरी त्यसको प्रतिवेदन सार्वजनिक हुन लागेको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

स्थानीय सरकार सञ्चालनको आधार नै सक्षम कानुनी संरचना र उत्तरदायी वित्तीय सुशासन हो । यस दृष्टिकोणबाट हेर्दा छ वटै स्थानीय तहले निर्माण गरेका कानुन, तिनको तर्जुमा प्रक्रिया, अवलम्बित विधि तथा अभिलेख व्यवस्थापनका सबल एवं सुधारयोग्य पक्षहरूको वस्तुगत विश्लेषण गरिएको यो अध्ययन अत्यन्त सान्दर्भिक, समयोचित र उपयोगी रहेको छ । अध्ययनले असल नियतका साथ निर्माण गरिएका कानुनहरूमा देखिएका प्रक्रियागत कमीकमजोरीलाई सुधार तथा परिमार्जन गर्न मार्गनिर्देशन गर्ने विश्वास लिएको छु ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू पदबहाली गरेको प्रारम्भिक चरणमै व्यवहारमुखी कानुन निर्माण, प्रशासनिक प्रक्रिया, अभिलेख व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी नियमित प्रशिक्षण, पृष्ठपोषण र सहजीकरणको अभ्यास जिल्ला समन्वय समिति वा सम्बन्धित निकायबाट संस्थागत रूपमा सञ्चालन भएको भए स्थानीय शासन प्रणाली अझ प्रभावकारी र परिपक्व बन्ने थियो यस अर्थमा, यो प्रतिवेदन विगतको समीक्षा मात्र नभई आगामी सुधार यात्राको मार्गचित्रका रूपमा समेत स्थापित हुने अपेक्षा गरेको छु ।

प्रतिवेदनमा समेटिएको बेरुजुको तुलनात्मक विश्लेषणले स्थानीय तहको वित्तीय अनुशासन, उत्तरदायित्व र सुशासनको वास्तविक अवस्थालाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेको छ । संविधान कार्यान्वयनसँगै सीमित संस्थागत क्षमता, न्यून अनुभव र चुनौतीपूर्ण परिस्थितिबाट प्रारम्भ भएको स्थानीय शासनको यात्रा समयक्रमसँगै क्रमिक रूपमा सुदृढ हुँदै गएको तथ्यले उत्साह प्रदान गर्दछ तथापि असुल गर्नुपर्ने भनी कायम भएका बेरुजुहरूको फछ्र्यौट तथा नियमिततामा अझ बढी संवेदनशीलता, प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको निष्कर्ष अध्ययनको सशक्त पक्षका रूपमा रहेको छ।

जिल्ला समन्वय समितिको आफ्नै पहलमा सम्पन्न यस अध्ययनमा भविष्यमा थप समावेश गर्न सकिने विषयहरू अवश्य छन् तथापि, स्थानीय तहको कानुनी, प्रशासनिक र वित्तीय पक्षको समग्र मूल्याङ्कन गर्ने

Email: info@godawarimunlalitpur.gov.np, Ph. 01-5572592

गोदावरी नगरपालिका
Godawari Municipality
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
बज्रबाराही, ललितपुर / Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal
२०७३ / 2073

प. सं / Let. No.

च. नं / Ref. No.

यस्तो प्रयास अत्यन्त प्रशंसनीय, अनुकरणीय र दूरगामी महत्त्वको रहेको मेरो ठहर छ। यस्ता अध्ययन तथा विश्लेषणले जिल्ला समन्वय समितिको संवैधानिक औचित्य र भूमिकालाई थप सुदृढ बनाउनुका साथै स्थानीय तहहरूलाई अझ जिम्मेवार, पारदर्शी, जवाफदेही र सुधारमुखी बन्न सकारात्मक प्रेरणा तथा रचनात्मक दबाब समेत सिर्जना गर्दछन्।

स्थानीय सरकारको नेतृत्व सम्हाल्ने क्रममा प्राप्त अनुभवले एउटा महत्वपूर्ण यथार्थ बोध गराएको छ। राजनीतिक नेतृत्व सामान्यतया नीतिगत निर्णय र विकासका प्रतिफलमा केन्द्रित हुने भए पनि दिगो, प्रभावकारी र सुशासित स्थानीय शासनका लागि आधारभूत प्रशासनिक प्रक्रिया, कानुनी व्यवस्थापन तथा वित्तीय अनुशासनप्रति नेतृत्व स्वयं सचेत, जानकार र उत्तरदायी हुनु अपरिहार्य छ। यस प्रतिवेदनले औंल्याएका निष्कर्ष र सुझावहरूलाई गम्भीरतापूर्वक आत्मसात् गर्दै स्थानीय कानुन तर्जुमामा आवश्यक सुधार, बेरुजु न्यूनीकरण, कायम बेरुजुको प्रभावकारी असुली तथा नियमितता, प्रशासनिक नेतृत्वका लागि अनुकूल कार्यवातावरण निर्माण र जनप्रतिनिधिबाट नेतृत्व गरिने विषयगत समितिहरूलाई अझ सक्रिय, उत्तरदायी र परिणाममुखी बनाउने दिशामा प्रतिबद्धतापूर्वक अघि बढ्ने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, जिल्ला समन्वय समिति, ललितपुरका प्रमुख श्री ऋषिदेव फुयाँलज्यूको दूरदर्शी नेतृत्व, सक्रिय पहल र निरन्तर प्रतिबद्धताका कारण सम्भव भएको यस महत्वपूर्ण अध्ययनले आगामी दिनहरूमा समेत निरन्तरता पाउने विश्वास व्यक्त गर्दछु। विशेष गरी जिल्ला समन्वय अधिकारी श्री हरि नारायण बेल्बासेज्यूको लगनशीलता, व्यावसायिक दक्षता र अथक परिश्रमबाट यो अध्ययन प्रतिवेदन सम्पन्न भएकोमा उहाँप्रति हार्दिक प्रशंसा व्यक्त गर्दछु। यस ऐतिहासिक तथा अनुकरणीय प्रयासका लागि जिल्ला समन्वय समिति परिवारलाई सम्पूर्ण नगरपालिका परिवार तथा नगर प्रमुखको हैसियतबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रतिवेदनको सफल कार्यान्वयन तथा यसबाट प्राप्त हुने सुझावहरूले स्थानीय सुशासन, संस्थागत सुदृढीकरण र जनउत्तरदायी शासन प्रणाली निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने पूर्ण विश्वास व्यक्त गर्दछु।

(गजेन्द्र महर्जन)
नगर प्रमुख
गोदावरी नगरपालिका

नेपाल सरकार

फोन नं. ०१-५४३५१२९, ०१-५४५५४७५

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर

मानभवन



## शुभकामना मन्तव्य

जिल्ला समन्वय समिति ललितपुरले यस जिल्लाको छ वटै स्थानीय तहले निर्माण गरेका कानुनका विविध पक्ष र आ.व.२०७५/७६ देखि २०८१/८२ सम्मको बेरुजूको अवस्थाको अध्ययन गरी प्रतिवेदनको मस्यौदा तयार गरेको देख्दा खुसी महशुस गरेको छु । यस जिल्लामा छ वटा स्थानीय तहले प्रत्येक आ.व. मा आर्थिक ऐन र बिनियोजन ऐन बाहेक समग्रमा ४०३ भन्दा बढी कानुनहरु तर्जूमा गरेको देखियो । अध्ययन प्रतिवेदन सिंहावलोकन गर्दा कानुन निर्माण प्राविधिक र जटिल विषय भएकाले प्रारम्भिक चरणमा कतिपय कमजोरी वा त्रुटिहरु हुनु अन्यथा होइन भन्न सकिन्छ । अपितु कतिपय निर्मित कानुनको आवश्यकता वा औचित्य पहिचान हुन नसकेको, प्रकृयागत कमजोरी रहेको जस्ता प्रतिवेदनमा औंल्याइएका विषयहरूबाट स्थानीय सरकारको शासकीय अभ्यासमा थप परिपक्वताको आवश्यकता देखिएको र आगामी दिनमा थप कानुनी सुधार गर्नुपर्ने हुन्छ ।

अध्ययनको दोश्रो विषय बेरुजू हो । अघिल्लो कार्यकालमा केहि स्थानीय तहको बेरुजू चिन्ताजनक भएपनि पछिल्ला वर्षहरूमा सुधार भएको प्रतिवेदनले देखाउँछ तथापि केही पालिकाहरूमा बेरुजूप्रति न्यून संवेदनशीलता देखिएको र असूल उपर गर्नुपर्ने बेरुजूको अभिलेख नराखिएको विषय प्रतिवेदनमा उल्लेख छ । जुन सुशासनको लागि ठुलो चुनौती हुने देखिन्छ ।

अध्ययनको विषयवस्तुको दायरा अत्यन्त सान्दर्भिक भएतापनि विश्लेषणलाई थप परिष्कृत बनाउनुपर्ने देखिन्छ । अध्ययन कार्यालयको नियमित कर्मचारीहरूबाट भएकाले होला, थप भाषिक सुधार गर्नुपर्ने स्थानहरु छन् । तथापि प्रतिवेदनले दिन खोजेको सन्देश स्थानीय तहको वित्तीय सुशासन तथा कानुन निर्माणमा सहयोगी हुने नै छ ।

अन्त्यमा, स्थानीय तहबाट हुने सेवा प्रवाह एवं विकास निर्माण सम्बद्ध विषयमा अनुगमन गर्ने, सुझाव र पृष्ठपोषण उपलब्ध गराउने, प्राकृतिक श्रोतको संरक्षणमा समन्वय गर्ने जस्ता कार्यमा जिल्ला समन्वय समितिको भुमिका थप प्रभावकारी हुनुपर्ने सन्दर्भमा यस प्रकारका अध्ययन महत्वपूर्ण हुन्छन् भन्दै यो अध्ययन तथा प्रतिवेदनमा संलग्न जिल्ला समन्वय अधिकारी हरिनारायण बेलबासे र उहाँको टिमलाई विशेष साधुभाव टक्राउन चाहन्छु । आगामी दिनमा स्थानीय तहबाट हुने सेवा प्रवाह तथा विकास निर्माण सम्वद्ध बिषयमा अध्ययनका लागि प्रेरणाको स्रोत बन्न सकोस् भन्ने शुभकामना प्रकट गर्दछु ।

नरहरि घिमिरे
प्रमुख जिल्ला अधिकारी, ललितपुर

प्रमुख जिल्ला अधिकारी

# विषयसूची


| शिर्षक | पेज नं. |
|---|---|
| संक्षेपीकरण सूची | iii |
| खण्ड-एक | १ |
| ललितपुर जिल्लाका स्थानीय तहमा निर्मित कानुनहरूको अध्ययन परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ अध्ययनको आवश्यकता /औचित्यता | १ |
| १.३ अध्ययनको उद्देश्य | ३ |
| १.४ अध्ययन विधि | ३ |
| १.५ अध्ययनको सीमा | ४ |
| खण्ड– दुई | ७ |
| कानुन निर्माणको सैद्धान्तिक आधार तथा प्रक्रिया | ७ |
| २.१ स्थानीय तहको कानुन निर्माण सम्बन्धी संवैधानिक आधारहरु | ७ |
| २.२ स्थानीय तहमा कानुन निर्माण प्रक्रिया | ७ |
| २.३ कार्यपालिकाबाट कानुन बनाउने प्रकिया | १२ |
| २.४ कानुनको ढाँचा तथा स्वरुपमा एकरुपता र सामञ्जस्यता | १२ |
| खण्ड तीन | १४ |
| ललितपुर जिल्लाका स्थानीयतहबाट निर्मित कानुनहरु | १४ |
| ३.१ कानुन निर्माणको आवश्यकता र नतिजा | १४ |
| ३.२ ललितपुर जिल्लाका स्थानीय तहबाट निर्माण गरिएका कानुनहरुको बिवरण | १५ |
| ३.३ स्थानीय तहगत निर्मित कानुनहरुको विवरण | १७ |
| ३.३.१ ललितपुर महानगरपालिका | १७ |
| ३.३.२ गोदावरी नगरपालिका | २४ |
| ३.३.३ महालक्ष्मी नगरपालिका | ३७ |
| ३.३.४ बागमती गाउँपालिका | ४४ |
| ३.३.५ कोन्ज्योसोम गाउँपालिका | ५१ |
| ३.३.६ महाङ्काल गाउँपालिका | ५६ |
| खण्ड-चार | ६० |
| ललितपुर जिल्लाको स्थानीय तहहरुबाट निर्मित कानुनको विश्लेषण | ६० |
| ४.१ स्थानीय तहमा कानुनको निर्माणको अभ्यास | ६० |
| ४.१.१ कानुन बनाउदा संवैधानिक प्रावधानको पालना | ६० |

४.१.२ कानुनको आवश्यकता पहिचान ..... ६१
४.१.३ कानुन निर्माण औपचारिकता ..... ६२
४.१.४ संघीय र प्रादेशिक कानुनमा तादाम्यता नभएको ..... ६३
४.१.५ प्रक्रिया पालना नभएको अवस्था ..... ६४
४.१.६ कानुनको अभिलेख व्यवस्थापन जिम्मेवार शाखा र अधिकृत नतोकिएको ..... ६४
४.१.७ स्थानीय तहको राजपत्र र कार्यान्वयन ..... ६५
४.१.८ निर्मित कानुनको प्रयोग वा कार्यान्वयन ..... ६५
४.१.९ कानुन निर्माणमा जनप्रितिनिधीहरु सहभागिता ..... ६६
४.१.१० कानुन निर्माणमा सरोकारवालाको सहभागिता प्रतिक्रिया वा पृष्ठपोषण ..... ६७
४.१.११ कानुनको स्रोत निर्मित कानुनको प्रचार प्रसार पैरवी ..... ६७
४.१.१२ निर्मित कानुन प्रयोगको अवस्था ..... ६८
४.२ स्थानीय तहको कानुन निर्माणमा भएको कमजोरीको कारणहरु ..... ६८
खण्ड-पाँच ..... ७१
सुझावहरु र निष्कर्ष ..... ७१
निश्कर्ष ..... ७५
अनुसूचीहरुः ..... ७७
सन्दर्भ सामाग्रीहरु ..... ८४

# संक्षेपीकरण सूची

जिससः जिल्ला समन्वय समिति

न पा : नगरपालिका

गा पा : गाउँपालिका

LISA : Local Government Institutional Capacity Self-Assessment

FRA : Fiduciary Risk Assessment

LED : Local Economic Development Assessment

LGPAS : Local Governacne Performance Assessment System

आ.व. : आर्थिक वर्ष

म.ले.प. : महालेखापरीक्षक

जि.स.अ. : जिल्ला समन्वय अधिकारी

प्र.प्र.अ. : प्रमुख प्रशासकीय अधिकृत

पालिका : स्थानीय तह

कानून : ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड

## खण्ड-एक

# ललितपुर जिल्लाका स्थानीय तहमा निर्मित कानुनहरूको अध्ययन परिचय

## १.१ पृष्ठभूमि

विकेन्द्रीकरणको उच्चतम अभ्यास हो, संघीय शासन प्रणाली । नेपालको संविधान, २०७२ बमोजिम २०७४ देखि नेपालमा संघ, प्रदेश तथा स्थानीय तीन तहको संघीय शासन प्रणालीको अभ्यास भईरहेको छ। स्थानीय तह जनताको सबै भन्दा नजिक रहेको शासकीय इकाई हो जसले आधारभूत सेवा प्रवाह प्रवाह तथा विकास निर्माणको दायित्व एवं जिम्मेवारी बोकेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा संविधान प्रदत्त अधिकार र जिम्मेवारी कार्यान्वयनका लागि संविधान, संघीय एवं प्रदेश कानुनको अधिनमा रही स्थानीय तहहरूले बिधायिकी अधिकार प्रयोग गरी आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका, एवं मापदण्डको रुपमा कानुन बनाउने अधिकार रहेको छ । यसको लागि स्थानीयतहमा गाउँ/नगरसभा रहेको र सभाले विधायिकी अभ्यास गर्दै आएका छन । सभानिर्मित कानुनको अधिनमा रही गाउँ/नगरकार्यपालिकाले नियमावली, कार्यविधि, निर्देशिका, एवं मापदण्ड लगायतका कानुनहरु जारी भैरहेका छन ।

निसन्देहः विविधता व्यवस्थापन नेपालको संविधानको महत्त्वपूर्ण आयाम मात्र होईन, अपितु शासकीय रुपान्तरणको आधारस्तम्भ पनि हो । संघीयताको माध्यमबाट स्थानीय तहहरूले पनि आफ्नो आवश्यकता सम्भावना एवं अवसरको आधारमा कानुनहरू जारी गरेको पाइन्छ । संघीयता कार्यान्वयमा सहजिकरणको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहले जिम्मेवारी संपादनको लागि आवश्यक एवं सान्दर्भिक देखिएका बिषयमा ऐन /नियम/ मापदण्ड/ कार्यविधि/ निर्देशिका आदिको मस्यौदा (नमुना) तयार गरी आफ्नो वेबसाइटमा अपलोड गरिदियो । यी नमुना कानुनहरुलाई स्थानीयतहले आफ्नो बिशिष्ठता अनुकूल परिमार्जन गरी विधायिकी प्रकृयाको अभ्यास तथा अवलम्वन गरिनुका साथै यसको संस्थागत विकास हुन सकोस भन्ने अपेक्षा पनि गरेको पाईन्छ । करिब दुई कार्यकाल अर्थात\ ९ वर्षमा स्थानीय तहहरुले यस्ता केही दर्जन देखि सयपारको सङ्ख्यामा कानुनहरू बनाएको देखिन्छ । ललितपुर जिल्लाका स्थानीय तहहरूले पनि यी नमुना कानुनहरुको उपयोग गरी विभिन्न कानुनहरू जारी गरेको पाइन्छ भने केहि कानुनहरु स्थानीय तहले परामर्श सेवाप्रयोग गरी बनाईएको पाईन्छ ।

## १.२ अध्ययनको आवश्यकता /औचित्यता

सिद्धान्ततः स्थानीय सरकारले आफ्नो विशिष्टता वा परिवेश अनुरूप संघीय वा प्रदेश कानुनले सम्बोधन नगरेको विषय/मुद्दा सम्बोधन गर्न आवश्यक कानुन बनाउनु पर्दछ। यो अभ्यास एउटा सरकारको लागि स्वभाविक विषय हो। संविधानले स्थानीय तहको अधिकार अन्तर्गत अनुसूची ८ र ९ मा उल्लेखित विषयमा कानुन बनाउनुको अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय सरकारको कार्यक्षेत्रलाई बिस्तृत रुपमा उल्लेख गरेको छ। बिधायिकी अधिकार

अर्थात् कानुन बनाउने अभ्यास स्थानीय तहको लागि नौलो अभ्यास भएको र स्थानीय तहहरु संस्थागत विकासको प्रारम्भिक चरणमा भएकाले नेपाल सरकारले सामयिक कानुनका मस्यौदा (नमुनाहरू) तयार गरिदिएकोमा द्धिविधा रहेन। तथापि कानुन निर्माणका एउटा किताबको तयारी मात्र होईन यसले निश्चित प्रक्रिया तथा चरणहरु अवलम्वन गरेको हुनुपर्दछ ताकि मतदाता वा लक्षित समुदायले स्वीकार गरुन। कानुन बनाउनु प्रतिष्ठाको बिषय होईन त्यसको अभ्यास महत्वपूर्ण पक्ष हो जुन स्थानीय तहमा शायदै भएको पाईन्छ ।

हरेक स्थानीय तहले धेरै कानुन जारी गरेका छन् । यसको लागि धेरै लगानी भएको छ । तर अहम सवाल हो ती कानूनहरु किन आवश्यक भए; कुन समस्या समाधानको लागि जारी भएका हुन; संघीय वा प्रादेशिक कानुनी प्रावधान भन्दा अतिरिक्त के बिषय समावेश गरिएको छ भन्ने जवाफ स्थानीय तहमा निर्मित कानुनमा उल्लेख गरेको देखिँदैन प्रस्तावनामा। यसैगरी कानुन बनाउने क्रममा कार्यपालिका तथा त्यसका समिति र सभा वा विषयगत समितिहरूमा छलफल गराइएको वा जिम्मेवार बनाइएको अभिलेख पनि देखिँदैन । साथ-साथै आफैले जारी गरेको स्थानीय राजपत्रमा उल्लेखित व्यवस्था अनुरुप कानुनहरूको प्रमाणित अभिलेख रजिस्टर नभएको वा अध्यावधिक नभएको अवस्था देखिन्छ। अध्ययनको क्रममा त्यस्तो अभिलेख माग भएपछि केहि स्थानीय तहले कमजोरी महसुश गरी अभिलेख बनाउन थालेको देखियो ।

यस जिल्लाको स्थानीय तहहरूले जारी गरेको कानुनहरूको लामो फेहरिस्त देखिन्छ। साथै कानुनहरुको संगालो पनि प्रकाशन गरिएका छन । तर स्थानीय तहमा जारी भएका कानुनहरु कुन प्रयोजनको लागि जारी भए; ती कति कानुनहरू कसले स्वीकृत गर्यो र कहिले जारी भए भन्ने अभिलेख पाईदैन । कानुन बनाउने आधारभूत प्रक्रिया वा सामान्य विधि पालना भए नभएको र कानुनहरु अभिलेख प्रमाणिकरणमा निर्धारित कानुनी व्यवस्था पालना भए नभएको हेरिएको छ।जिससको भुमिका बमोजिम स्थानीय तहमा निर्मित कानुनहरु अध्ययन तथा तुलनात्मक रुपमा हेर्दा कुन कानुन कसले तयार गर्ने, कसले स्वीकृत गर्ने, त्यसको अभिलेख कसले कसरी राख्ने भन्ने बिषयमा उदेक लाग्दो अवस्था देखियो । कानुनको सर्वमान्य सिद्धान्त बमोजिम स्थानीय तहको सभाले (सर्वोच्च संस्था ) कानुन बनाउनु पर्दछ । तथापि विधायिकी कानुनले दिएको अधिकार वा दायराभित्र अर्थात् प्रत्यायोजित विधायन अनुसार कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तयार गर्नुपर्दछ ।

**संविधानको धारा २२६ मा स्पष्ट रुपमा उल्लेख गरेको स्थानीयतहले कानुन बनाउदा प्रदेश कानुनले तोकेको प्रकृया बमोजिम हुने** उल्लेख गरेको छ ।यसै गरी बागमती प्रदेश सभाले मिति २०७५।१०।२० (संशोधन २०७७।०४।१६) **गाउँ/नगर/जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७५** को परिच्छेद ३ मा कानुन निर्माण प्रक्रिया उल्लेख गरिएको छ । यसै गरी विधेयक वा प्रस्ताव कार्यसूची, सभामा प्रस्तुत कानुनको अभिलेख, र स्वीकृत कानुनको अभिलेखको लागि ढाँचा समेत अनुसुचीमा तोकेको छ ।यसै गरी सबै ६ वटै स्थानीयतहले सभाबाट पारित भएका कानुनलाई भाग-१ र कार्यपालिकाबाट पारित कानुनलाई भाग -२ मा वर्गीकरण गरेको पाईन्छ। सोहि बमोजिम राजपत्रमा सूचना प्रकाशन गर्ने व्यवस्थाको लागि सबै स्थानीय तहले आफ्नो राजपत्रको ढाँचा पनि स्वीकृत गरी लागू गरेको अवस्था छ । प्रदेश कनुन तथा स्वयम

स्थानीय तहहरुले ढाँचा सहितको कानुनी व्यवस्था गरेका भएता पनि त्यसको पालना वा कार्यन्वयनको अवस्था कमजोर रहेको छ ।

स्थानीय तहमा निर्मित कानुनहरूको बारेमा जनप्रतिनिधि एवं कर्मचारीहरुसँग सामान्य चासो जिज्ञासा राख्दा कानुन निर्माण प्रकृया एवं अभिलेख व्यवस्थापनमा कानुनी व्यवस्थाको जानकारीमै समस्या देखिन्छ । सबैभन्दा अनौठो बिषय त यो प्रावधानको बिषयमा त स्थानीय तहका कानुनशाखामा कार्यरत कर्मचारीहरुनै अनभिज्ञ रहेको देखिन्छ । यस जिल्लाको स्थानीय तहमा कानुन निर्माणको अभ्यास तथा अभिलेख प्रणालीमा केही सुधारका अपेक्षा गरी प्रदेश सरकारको अनुदान अन्तर्गत स्थानीय तहबाट सम्पादित कामहरूको अध्ययन अन्तर्गत स्थानीय तहबाट निर्मित कानुनको अध्ययन समावेश गरिएको हो।

## १.३ अध्ययनको उद्देश्य

स्थानीय तहमा कानुनहरूमा भन्दा कानुन समावेश गरिएका प्रावधान वा बिषयवस्तु भन्दा कानुन बनाउने प्रक्रिया Context, process, content, Ownership, Implementation तथा त्यसको संस्थागत अभ्यास साथै कानुनको प्रयोगलाई प्रधानता दिईएको छ । त्यसै गरी कानुन निर्माण तथा अभिलेखन सम्बन्धी संस्थागत प्रवन्ध र त्यसको कार्यान्वयनका लागि बित्तीय व्यवस्था लगायत बनाईएका कानुनको बारेमा संचार पैरवी जस्ता अवयवलाई पनि अध्ययनले समेटेको छ। कानुन निर्माणमा हुने प्रकियाले स्थानीय सरकारलाई जनताप्रति उत्तरदायी जिम्मेवार एवं जवाफदेही तुल्याउँछ। जनतामा मेरो सरकार भन्ने भावना बढाउँछ साथै जनता र सरकारबीच पुलको काम पनि गर्दछ। प्रस्तावित यो अध्ययनले ललितपुर जिल्लाका स्थानीय तहमा कानुन निर्माणको बिविध पक्षलाई उजागर गर्ने अपेक्षा गरिएको छ । बुँदागत रुपमा यो अध्ययनका उद्धेश्यहरु:

१. जिल्लाभित्रका सबै स्थानीय तहले निर्माण गरेका कानुनहरूको एकीकृत विवरण तयार गर्ने।
२. कानुन निर्माण प्रकृयाका सवल तथा दुर्वल पक्षको उजागर हुने ।
३. कानुन निर्माणमा संलग्न कर्मचारी र सम्बद्ध विषयगत समितिका सदस्य (जनप्रतिनिधिहरू ) तथा स्थानीय नेतृत्वलाई जिम्मेवार बनाउनमा योगदान पुग्ने ।
४. आगामी दिनमा कानुन निर्माणको लागि पृष्ठपोषण प्राप्त हुने । निर्मित कानुनको संशोधन वव पुनरवलोकनको लागि सकरात्मक दवाब श्रृजना गर्ने ।
५. स्थानीय तहलाई संविधानले निश्रृत गरेको विधायिकी अधिकारको अर्थ महत्व र अभ्यासको बारेमा बोध गराउने ।
६. समन्वय र सहजीकरण गर्ने जिससको जिम्मेवारीलाई व्यवहारमा रुपान्तरण गर्ने ।
७. समग्रमा स्थानीयतहको विधायिकी अभ्यासलाई कानुन-सम्मत तथा बैधता तुल्याउन तथ्यगत सुझाव उपलब्ध गराउने।

## १.४ अध्ययन विधि

यो अध्ययन गुणात्मक (Qualitative) वा बिशलेषणात्मक स्वरुपको रहेको छ । यस कार्यक्रम अन्तर्गत अति न्यून बजेट रहेको र अध्ययनले समेट्नु पर्ने विषय वा दायरा (न्यूनतम रुपमा सम्बोधन

गर्दा पनि) बृहत्तर रहेकोले यो अध्ययनलाई अन्य जिम्मेवारी सहित स्थानीय तहको बेरुजु सम्बन्धी अध्ययनसँगै समानान्तर रुपमा गरिएको छ । अति सानो रकममा बाह्य परामर्शदाता उपलब्ध नहुने वा केहिले चासो देखाएका भएपनि पालिका स्तरमा स्थलगत भ्रमण छलफल संभव नहुने भएकाले अध्ययन प्रतिवेदनलाई नतिजामूखी बनाउन यो अध्ययन जिल्ला समन्वय समितिकै मौजुदा कर्मचारीबाट गरिएको छ । यो अध्ययन गुणात्मक वा बिश्लेषणात्मक प्रकृतिको रहेकोले स्थानीय तहमा निर्मित कानुनहरूको फेहरिस्त सङ्कलन गरी उक्त कानुन तर्जुमामा प्रक्रिया तथा अभिलेखको अवस्था चित्रण गरिएको छ । त्यसैगरी कानुन निर्माणमा सम्बद्ध विषयगत समितिका सदस्य (जनप्रतिनिधि), न्यायिक समितिका पदाधिकारी एवं कानुन निर्माण तथा अभिलेख राख्न जिम्मेवारी कर्मचारीहरूबीच छलफल गरी उठाइएका विषयलाई समावेश गरिएको छ । यसको लागि सबै स्थानीय तहमा सरोकारवालाहरुबीच छलफल अन्तरक्रिया गरिएको छ भने सबै स्थानीय तहको कानुन शाखामा अभिलेख खोजिएको मात्र होईन प्रदेश कानुन तथा स्वयं पालिकाले बनाएको राजपत्रको प्रावधान स्मरण पनि गराईको छ । साथै अभिलेख व्यवस्थापन गर्न सिकाईको पनि छ । यसै गरी कानुन निर्माणमा विगतको अभ्यास तथा रहेका कमी कमजोरी पहिचान गरी स्पष्ट रुपमा सुधार सुझाव एवं पृष्ठपोषण अध्ययनमा समावेश गरिएको छ ।

अध्ययनको हरेक चरणमा भएका काम कारवाही तथा प्रारम्भिक प्रतिवेदन (मस्यौदा) तयार भएपछि जिल्ला समन्वय समितिको बैठकमा प्रस्तुतरण गरिएको छ। त्यसै गरी मस्यौदामाथि हरेक स्थानीय तहमा छलफल गरिएको छ भने प्राप्त Feedback राय सुझाव समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनको अन्तिम मस्यौदा माथि पुन स्थानीय तहका विधायन समितिका पदाधिकारीहरु कानुन शाखामा कायरत कर्मचारी तथा जिल्ला सरकारी वकिलको कार्यालयका अधिकृतहरु र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधी समेत सहभागी गराई प्रतिकृया सुझाव तथा पृष्ठपोषण सकलन गरी अन्तिम रुप दिएको छ । प्रतिबेदनलाई जिसस बैठकबाट स्वीकृत भई जिल्ला सभामा प्रस्तुत गराई अनुमोदन गराईएको छ ।

## १.५ अध्ययनको सीमा

माथि उल्लेख भएजस्तै यो अध्ययन अति न्यून बजेटबाट समपन्न भएको छ ।बजेट सिमितताले बाहय बिज्ञ वा परामर्शदाताबाट गराउन संभव नभएकाले नियमित प्रशासनिक कर्मचारीबाट भएको छ । अध्ययनको लागि कुनै निश्चित अधिकृत वा टोली नभई सबै कर्मचारीको सहयोग सहकार्यबाट यो काम सम्पन्न भएको छ। आधारभूत सुचना वा जानकारी संकलन सहज भएपनि बिश्लेषणको पाटोमा कार्यालयमा सक्षम जनशक्ति अतिन्यून भएकाले कैयन सिमितताहरु रहेका छन ।बिभिन्न चरणमा अध्ययन प्रतिवेदन जिससमा प्रस्तुत गरिएको भएतापनि प्रतिकृया वा सुझाव खासै नभएकाले त्यो प्रयास औपचारिकतामा सिमित भएको वा भनौ उपलब्धीमसलक हुन सकेन। त्यसै गरी कार्यालयको अन्य जिम्मेवारी कार्यबोझ साथै निर्वाचनको कारणले पनि अध्ययनको समय व्यवस्थापनमा अति नै चाप परेको थियो ।कानुनको अध्यन गरेको जनशक्ति कार्यालय प्रमुख मात्र भएकाले अध्ययन प्रतिवेदनका बिविधपक्षमा अपेक्षित ध्यान नपुगेको हुन सक्छ ।

अध्ययनको क्रममा स्थानीय तहको राजनैतिक नेतृत्वले कानुन निर्माण प्रक्रिया त्यसका अन्य अवयवको बारेमा देखाएको अनभिज्ञता तथा कानुनी पृष्ठमूमीका कर्मचारीहरु ललितपुर महानगरमा मात्र भएकोले यो अध्ययन बौद्धिक बिषय भन्दा स्थानीयतहको लागि सिक्ने र सिकाउने राम्रो अवसर भएको अनुभव हुन्छ । स्थानीयतहमा निर्मित भएका कानुनहरु संघीय मामिला मन्त्रालयबाट तयार गरिएको नमुना कानुनका मस्यौदामा स्थानीय तहको नाम राखी कार्यपालिका वा सभाको बैठकको निर्णय सूचीमा एउटा बुँदामा सिमित भएकाले निर्मित कानुनको भित्री पक्षमा खासै प्रबेश गरिएको छैन ।सबै स्थानीयतहमा कानुनको बिषयमा काम गर्ने बिधायन समिति रहेको भएता पनि त्यसका सदस्यहरुसँग राय प्रतिक्रिया वा पृष्ठपोषण माग गर्दा धरैले अनभिज्ञता प्रकट गरेकाले अध्ययन अपेक्षित रुपमा खदिलो हुन सकेको छैन ।निर्माण प्रक्रिया चरणमा भएका चरणबद्ध फाइलहरु तथा निर्मित कानुनहरु अभिलेख रजिष्टर कुनै पनि स्थानीय तहमा नभएको वा नपाईएकोले अध्ययन मुलतः प्रकृयागत बिषयमा खुम्चिएको छ ।

अध्ययन प्रतिबेदनमा धेरै सिमितता कमजोरी देखिन सक्लान तर गर्वसाथ भन्न सक्ने एउटा पक्ष स्थानीय तहमा कानुन निर्माणमा भएको कमजोरी बोध गराउन हामी सफल भएको छौ ।साथै स्थानीयतहमा कम्तिमा आधारभूत तहको विधायिकी अभ्यासको आवश्यकता रहेको देखाएका छौ भने हाम्रो जिज्ञासा वा खोजतलासले स्थानीयतहमा कानुनको अभिलेख राख्रे अभ्यासको थालनी भएको छ । परन्तु यो अध्ययनका केहि सीमाहरु निम्नानुसार उल्लेख गरिएको छः

- अध्ययनको लागि विनियोजित बजेट (दुईवटा बिषयमा अध्ययनको लागि जम्मा रु. २,८०,०००।-(दुईलाख असीहजार मात्र) अति न्यून भएकाले परामर्शदाताबाट उक्त अध्ययन कार्य गराउन सम्भव नभएको ।
- अध्ययनको लागि आवश्यक विवरण डाटा एकीकृत रुपमा उपलब्ध गराउने अवस्था स्थानीय तहमा उपलब्ध नभएकाले सो को लागि पटक पटक आतेजाते गर्नुपर्ने भएको साथै अभिलेख प्राप्ती तथा सो को एकिन गर्न लागि स्थानीयतहमा अतिरिक्त पहल गर्नु पर्ने बाध्यता भएको ।
- अध्ययनले मागेका कतिपय सूचनाको बारेमा कानुन शाखा आफैमा अनभिज्ञ रहेको र कतिपयम कानुन शाखा नै नभएकाले बिवरण संकलनमा आफै लागी पर्नु परेकोले थप समय लागेको ।
- कानुन निर्माण बिषयक निर्णयहरु अन्य सहित एकैसाथ हुने गरेको सबै स्थानीय तहमा कानुन शाखा वा अलग कर्मचारी पनि नतोकिएकाले अध्ययनमा समावेश गर्न नसकिएको ।
- कार्यालयको नियमित जिम्मेवारीको अतिरिक्त प्रस्तुत यो अध्ययन कार्य लागि सिमित जनशक्ति भएका कारण अध्ययनलाई परिष्कृत स्वरुप र गहिराईमा विश्लेषण गर्न नसकिएको ।
- कार्यालय स्वयंले अध्ययन गर्दा फिल्डमा खटिने कर्मचारीले नियमानुसार दैनिक भ्रमण भत्ता मात्र पाउने भएकाले कर्मचारीहरुमा यो जिम्मेवारी प्रति रुचि अपेक्षित नभएकाले अध्ययन प्रस्तावित तालिका अनुरुप प्रगति हुन नसकेको।

- चालु आवमै संसदीय निर्वाचन परेकोले पनि अध्ययनमा प्रक्षेपित समयमा समपन्न गर्न कठिनाई भएको । यही प्रयोजनको लागि गत आ.ब. २०८१/०८२मा पनि उक्त कार्यक्रम समावेश भएको भए तापनि सो कार्यक्रम कार्यान्वयन गर्न नसकिएको वा नभएको अवस्था ।

अध्ययन आफैमा पनि एउटा प्राज्ञिक (Academic) कार्य हो। यो काममा धेरै निकाय तथा कर्मचारीहरु सहयोग बाध्यता भएकाले जटील हुन गएको छ । सिमित समय तथा पनि प्रस्तुत यो अध्ययनले स्थानीयतहमा बिषयगतसमितिको सदस्य भेटन कठिनाईहुने र प्रतिकृया दिन नचाहने साथै दिएकोमा पनि परिचय खुलाउन नमान्ने अवस्था रहेको । यसै गरी जिसअ बाहेक अन्य कर्मचारीहरुलाई स्थानीय तहमा वेवास्था गरिने भएकाले अध्ययनमा केहि असहजता मशसुश भएको छ। यी सिमितताका बावजुद यो अध्ययनले स्थानीयतहमा देखिएको बिधायिकी अभ्यासमा विद्यमान कमजोरीलाई उजागर गरेकोछ र सुधारको लागि कम्तिमा नैतिक दवाव श्रृजना हुने अनुमान गरिएको छ ।साथै स्थानीय तहलाई समन्वय र सहजीकरणमा जिसस स्वयंको लागि यो अध्ययन प्रतिवेदन एउटा बलियो सन्दर्भ सामग्री तयार भएको छ।

## खण्ड- दुई

# कानुन निर्माणको सैद्धान्तिक आधार तथा प्रक्रिया

## २.१ स्थानीय तहको कानुन निर्माण सम्बन्धी संवैधानिक आधारहरु

संघीय शासन प्रणाली अवलम्वन भएको नेपालमा तीनतहबाट शासकीय अभ्यास लाई व्यवस्थित गर्न तीनै तहको अधिकार जिम्मेवारी संविधानले बिभिन्न धारामा उल्लेख भएको छ।यसै गरी कुनै तहको अधिकार क्षेत्रमा उल्लेख नभएको बिषयमा नेपाल सरकारको हुने व्यवस्था गरेको छ ।सोहि क्रममा संविधानको अनुसूची ८ मा स्थानीयतहको एकल अधिकारका बिषयहरु र अनुसूची ९मा तीनै तहको साझा अधिकारको कार्यसुँची रहेको छ। एकल अधिकारका क्षेत्रमा स्थानीय तहले आफै कानुन बनाउन सक्ने र साझा अधिकारको बिषयमा सघं तथा प्रदेशले कानुन बनाएपछि सो सँग नबाझिने गरी स्थानीयतहले कानुन बनाउन पाउने व्यवस्था गरेको छ ।नेपालको संविधान, २०७२ को धारा २२६ मा स्थानीयतहले कानुन बनाउदा प्रदेश कानुनले तोकेको प्रकृया बमोजिम हुने ब्यहोरा उल्लेख गरेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद १५ दफा १०२ (१) मा स्थानीय सरकारले आफ्नो अधिकारको बिषयमा ऐन बनाउन सक्ने व्यवस्था गरेको छ।त्यसै गरि सोहि दफाको उपदफा (२) को अधिनमा रही स्थानीयतहको कार्यपालिकाले नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने र उपदफा (३) मा स्थानीय तहले बनाएका कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी सोहि दफाको उपदफा (४) मा निर्मित कानुनहरु प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्ने र उपदफा (५)मा राजपत्रमा प्रकाशन नभएसम्म कानुन लागू नहुने प्रावधान राखेको छ ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरी वेभसाईटमा राखिएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ को (नमूना मस्यौदामा) स्थानीय राजपत्रका ढाँचा तोकेको छ । जसमा राजपत्रमा उल्लेख हुनु पर्ने बिषय वा त्यसका अंगहरु स्पष्ट रुपमा गरिएको छ । साथै स्थानीयतहको सहजताको लागि कार्यविधिमै स्थानीय तहको सभाले पारित गरेको कानुनलाई भाग १ र प्रत्यायोजित विधायन अनुसार कार्यपालिकाले पारित गरेको कानुनलाई भाग २ मा प्रकाशन गर्नु पर्ने व्यवस्था गरेको छ । उक्त नमूना कार्यिविधि अनुसूचीमा समावेश गरिएको छ ।उक्त नमूना कार्यविधि यस जिल्लाका सबै स्थानीयतहहरुले २०७५ साल मै पारित गरेको देखिन्छ ।उक्त नमूना स्थानीय राजपत्र कार्यविधिलाई ललितपुर महानगरापालिका र कोञ्ज्योसोमले गापाले **ऐन** र अन्यले स्थानीयतहले **कार्यविधी** नामाकरण गरी पारित गरेका छन।

## २.२ स्थानीय तहमा कानुन निर्माण प्रक्रिया

नेपालको संविधान अनुसार केन्द्रमा संघीय व्यवस्थापिका र प्रदेशमा प्रदेश सभाले आफ्नो काम कारवाहीलाई व्यवस्थित बनाउन आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछन् भन्ने प्रावधान

संविधानको धारा क्रमशः १०४ र १९४ मा उल्लेख गरिएको छ । नेपालको संविधानको धारा २२७ मा गाउँ/नगरसभाको सञ्चालन, कार्यविधि, सभा सदस्यको सुविधा, कर्मचारी र कार्यालय सञ्चालन लगायत व्यवस्था प्रदेश कानुन बमोजिम हुनेगरी तोकेको देखिन्छ । सोहि व्यवस्थालाई कार्यान्वयन गर्न संविधानको धारा १७६बमोजिम बागमती प्रदेश सभाले गाउँ/नगर/जिल्लासभा संचालन (कार्यविधि) ऐन जारी गरेको अवस्था छ । बागमती प्रदेश सभाले मिति २०७५।१०।२० (संशोधन २०७७।०४।१६) गाउँ/नगर/ जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७५ को परिच्छेद ३ मा कानुन निर्माण पक्रिया उल्लेख गरिएको छ । यस ऐनले स्थानीय तहको बैठक आव्हान, छलफल तालिका तथा पारित भएका कानुनहरु अभिलेखको ढाँचा समेत तोकेको छ । साथै सोही ऐनको दफा ४८ ले सभाको सचिवले अनुसूची ३ बमोजिम सभाले बनाएका कानुनको एकिकृत र अद्यावधिक अभिलेख राख्नु पर्ने भनि तोकेको छ। संविधानको धारा २२६ बमोजिम स्थानीय तहको कानुन निर्माण सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुने उल्लेख छ।

कानुन निर्माणका सामान्यतया दुई चरण अभ्यासमा रहेको पाईन्छ। पहिलो तयारी चरणः जसमा कानुनको मस्यौदा स्वीकृतिको लागि कार्यपालिका/सभामा पेश गर्नु अघिको मस्यौदा तयारी चरणलाई जनाउँछ । दोस्रो विधायिकी चरण जसमाः विधेयक सभामा पेश गर्ने छलफल गर्ने विषयगत समितिमा सघन छलफल गर्ने सरोकारवालाहरुको रायसूझाव लिने अनुमोदन देखि प्रमाणीकरण गर्ने सम्मको कार्यहरुलाई समेटदछ ।यसको लागि कानुनको मस्यौदा/विधेयक तयार गर्नु अघि त्यो कानून बनाउनुपर्ने आवश्यकता पहिचान गर्नु पर्दछ ।

यसको लागि स्थानीय तहले कानून बनाउनु पर्ने आधार मूलतः संविधान, संघीय तथा प्रादेशिक कानून, स्थानीय सरकार सञ्चालन ऐन र स्वयं स्थानीयतहले निर्माण गरेका कानुन हुन्छ ।तर कुनै कानुन बनाउन अघि कानुनको आवश्यकता वा कारण (यसले के हासिल गर्न वा कुन अभ्यासलाई नियमन गर्न खोजिएको हो?) स्पष्ट हुनु पर्दछ। यसको साथै कानून बनेपछि के उपलब्धी हुन्छ, त्यो कानून कार्यान्वयन गर्न के—कस्तो संयन्त्र चाहिन्छ र त्यसले आर्थिक भार पर्छ कि पर्दैन, पार्ने भए के कति आर्थिक भार पर्छ र त्यसको जोहो कसरी गरिन्छ, विधेयकमा राखिने मुख्य कुराहरु (प्रावधान) के—के हुन्छन् भन्ने उल्लेख गर्नु पर्ने हुन्छ ।

त्यसैगरी कानुनमा समावेश भएका वा हुने बिषयको अतिरिक्त निर्माण पक्रिया महत्वपूर्ण पक्ष हुन्छ।प्रक्रिया स्वयंले पनि कानुनका धेरै पक्षलाई निर्देशित गर्नुका साथै सरोकारवालाको सहभागिता र स्वीकार्यता बढाउँछ । स्थानीय तहलाई कानुन निर्माण गर्ने संवैधानिक अधिकारको सुनिश्चतता पछाडी बिधिनिर्माताहरुले स्थानीय तह देखिनै बिधायिकी अभ्यासको अवलम्बन गर्दै बिकेन्द्रिकरण मर्म र लोकतन्त्रको मर्मलाई संस्थागत गर्ने उत्तम माध्यमको रुपमा परिकल्पना गरेको हुनु पर्दछ ।

**कानुन निर्माणका मुख्य चरणहरुः**

**क. आवश्यकता निर्धारण तथा अवधारणा पत्र तयारी**

कुनै कार्य गर्न/गराउन/थप विस्तार/व्यवस्थित गर्न नयाँ कानुन वा भएका कानुनमा संशोधनको आवश्यकता पहिचान गरिन्छ । यो कानुन निर्माणको पहिलो र अनिवार्य पूर्वशर्त हो ।त्यसै गरी

स्थानीय तहको हकमा यस्तो आवश्यकता पहिचान गर्नु अघि सो विषयमा संघीय तथा प्रादेशिक कानून छ छैन र जिल्ला भित्रका र छिमेकी अन्य स्थानीय तहहरुले उक्त विषयमा कानून निर्माण गरिएको छ कि छैन भन्ने कुरा पहिचान, मनन र विश्लेषण गर्नु पर्दछ। यी आयामहरुको बारेमा हुने जानकारीले संविधानले परिकल्पना गरेको साझेदारी समन्वय र सहकार्यको अवधारणालाई जिवन्तता दिन्छ । साथ साथै नितान्त कानून भएको खण्डमा संघीय तथा प्रादेशिक कानूनसँग नबाझिने गरी र छिमेकी पालिकालाई प्रतिकूल असर नपर्ने गरी कानुन बनाउन मार्गदर्शन गर्दछ ।

आवश्यकता पहिचानको साथसाथै सम्वद्ध सस्था निकाय वा विषयगत शाखाले कानुनको अवधारणा तयार गरी कार्यकारीतहबाट कानुन निर्माणको लागि सैद्धान्तिक स्वीकृति लिनु पर्दछ।

### ख. मस्यौदा तर्जुमा समिति गठन

आवश्यकता पहिचान -जसलाई सैद्धान्तिक सहमति पनि भनिन्छ- भएपछि स्थानीय तहको लागि आवश्यक कानून बनाउनको लागि गाउँ/नगर कार्यपालिका प्रमुखको तहबाट तोकिएको विषय साथै कानूनको क्षेत्रमा ज्ञान भएका कार्यपालिका सदस्य तथा सभाका सदस्यमध्येबाट एउटा कानून तर्जुमा समिति गठन गर्न सक्तछ । यस्तो समितिमा स्थानीय तहमा उपलब्ध कानूनको ज्ञान भएको अन्य व्यक्ति वा विज्ञको सेवा लिन वा सुझावको लागि आवश्यकता अनुसार आमन्त्रण गर्न सकिन्छ ।

### ग. सरोकारवालाहरुबाट सुझाव संकलन

मस्यौदा तर्जुमा समितिले मस्यौदा तयार गरेपछि प्रत्येक वडावासीहरुबाट सुझाव लिन सक्ने व्यवस्था प्रदेश कानूनमा छ । यो प्रक्रियाको अवलम्वन सबै कानुनमा सम्भव र आवश्यक नहुन सक्तछ । तसर्थ, यदि प्रस्तावित कानूनले आम नागरिकलाई असर पर्दछ भने आम नागरिकहरुसँग र कुनै खास पेशा, समूह वा समुदायका मानिसलाई असर पर्दछ भने त्यस्ता समूह वा समुदायका मानिसहरुबाट सुझाव संकलन गर्नु उपयुक्त हुन्छ । स्थानीय तहले कर लगाउने विषय, स्थानीय सञ्चित कोष र स्थानीय राजश्व र व्ययको अनुमानसँग सम्बन्धित विषयमा सुझाव संकलन गर्दा भने ती विषयमा गाउँ/नगर सभामा सैद्धान्तिक छलफल भइसकेपछि मात्र गर्नु पर्ने व्यवस्था छ । यी विषयहरुमा भने अन्य विधेयक जस्तो मस्यौदा तयार गर्नु अघि वा मस्यौदा तयार भएपछि पनि आम नागरिकसँग छलफलमा लान मिल्दैन । मस्यौदा तर्जुमा समितिले विभिन्न क्षेत्रबाट लिएको यस्तो सुझाव सहितको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्दछ । यसरी प्राप्त सुझावहरुको अध्ययन गरी कार्यपालिकाले प्राप्त प्रस्ताव वा मस्यौदालाई आवश्यकता अनुसार परिमार्जन गर्न सक्तछ ।

### घ. मस्यौदा विधेयकमा कायपालिकाको स्वीकृति

कानुनको प्रस्ताव वा मस्यौदा तयार भइसकेपछि अध्यक्ष वा नगरप्रमुखले त्यसलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गराई सभामा पेश गर्नको लागि सभाको कुनै सदस्यलाई तोक्नु पर्दछ । त्यस्तो सदस्यले स्थानीय तहको कानून निर्माण प्रकृया सम्बन्धी ऐन, बमोजिम मस्यौदा विधेयकको साथमा उद्देश्य र कारण सहितको व्यहोरा, विधेयक ऐन बनेपछि आर्थिक

व्ययभार हुने रहेछ भने त्यसको खर्च व्यहोर्ने स्रोत खुलाईएको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी, विधेयकमा नियम बनाउने अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण, प्रत्यायोजित अधिकार अन्तर्गत बनाइने नियमको प्रकृति, सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी समेत संलग्न गर्नु पर्दछ । संशोधन विधेयकको हकमा भने संशोधन गर्नु परेको आधार र कारण सहितको तीनमहले विवरण संलग्न गर्नु पर्दछ ।

### ङ. गाउँ/नगर सभामा विधेयक प्रस्तुति

यसरी सभाको सचिवलाई (प्रप्रअ) गाउँ/नगर सभामा विधेयक पेश गर्नको लागि सूचना दिए पछि सभाप्रमुखले त्यसको कम्तीमा २ दिनको अवधि तोकी विधेयक पेश गर्न लगाउनु पर्दछ ।

### च. सभाका सदस्यहरुलाई विधेयकको प्रति उपलब्ध गराउने

विधेयक पेश हुनु भन्दा कम्तीमा २ दिन अगाडि गाउँ/नगरसभाका सदस्यहरुलाई विधेयकको प्रति उपलब्ध गराउनु पर्दछ । अर्थात्, यदि आजको दिन कार्यपालिका सदस्यले सभाको सचिवलाई आवश्यक विवरणसहित विधेयक उपलब्ध गराएको छ र सभाको अध्यक्षले २ दिन पछि विधेयक पेश गर्ने मिति तोक्ने हो भने आजै विधेयकको प्रति सवै सदस्यहरुलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

### छ. विधेयकमा विरोध वा शंसोधन दर्ताको अवसर

विधेयक पेश हुने दिन विधेयक प्रस्तुतकर्ताले विधेयक पेश गर्ने अनुमति मागेर सभाको कारवाही शुरु हुन्छ । तर कुनै सदस्यले विधेयक पेश गर्न अनुमति माग्ने प्रस्तावको विरोध वा संशोधन गर्न चाहेमा विधेयक पेश हुने दिनभन्दा एक दिन अगावै सभाको सचिवलाई सूचना दिनु पर्दछ । यसरी अग्रिम सूचना दिएको छैन भने विधेयक प्रस्तुत गर्ने बेला विरोध गर्न पाईंदैन ।

### ज. विधेयकमा सैद्धान्तिक छलफल

विधेयक पेश हुने दिन विरोध गर्न चाहने सदस्य भए निजलाई पहिला र त्यसपछि विधेयक पेश गर्न अनुमति माग्ने सदस्यलाई सभाप्रमुखले मन्तव्य दिन लगाउनु पर्दछ । त्यसपछि सभाप्रमुखले विधेयक पेश गर्ने कि नगर्ने भनी बैठकको निर्णयको लागि प्रस्तुत गर्नुपर्दछ । यो अवस्थामा वक्ताका कुराहरुमा कुनै छलफल गराउनु पर्दैन । बैठकले विधेयक प्रस्तुत गर्ने निर्णय गरेमा विधेयक पेश गर्न तोकिएको कार्यपालिका सदस्यले र निज अनुपस्थित भएमा अध्यक्षले तोकेको अर्को कार्यपालिका सदस्यले सभामा विधेयक पेश गर्दछ । विधेयक पेश गर्दा प्रस्तुतकर्ताले विधेयक पेश गर्नु पर्नाको कारण, त्यसले गर्न खोजेको व्यवस्था र त्यसबाट पर्न सक्ने प्रभावको बारेमा संक्षिप्त जानकारी दिंदै विधेयकमा विचार गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्दछ ।

यस्तो प्रस्ताव राखिसकेपछि सभाका सदस्यहरुले विधेयकमा सैद्धान्तिक छलफल गर्दछन् । सैद्धान्तिक छलफल गर्दा विधेयकको दफा—दफामा भएका कुराहरु केलाएर छलफल नगरी समग्रमा यो विधेयकको उपयोगितामा र प्रभावमा छलफल गरिन्छ । विधेयक पेश गर्न अनुमति माग्ने, विरोधको सूचना दिने तथा त्यसको निर्णयसम्बन्धी व्यवस्था सभाले निर्धारण गरे बमोजिम

हुन्छ । यसको लागि सभाले छुट्टै नियमावली वा कार्यविधि बनाउनु उपयुक्त हुन्छ । यसको ढाँचा अनुसूचीमा समावेश गरिएको छ ।

### झ. संशोधन दर्ताको मौका

विधेयकमा सैद्धान्तिक छलफलपछि सदस्यहरुलाई विधेयकको कुनै प्रावधान (व्यवस्था) मा संशोधन पेश गर्न चाहेमा छलफल समाप्त भएको बहत्तर घण्टा भित्र पेश गर्न मौका दिनु पर्दछ । संशोधन पेश गर्न चाहने सदस्यले आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सभाको सचिवलाई दिएपछि निजले पेश गरिएका संशोधनको विवरण सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्दछ । विधेयकमा संशोधन प्रस्ताव पेश गर्दा पालन गर्नु पर्ने शर्तहरु, संशोधन पेश गर्ने ढाँचा, संशोधनको क्रम र संशोधन फिर्ता लिने सम्बन्धी व्यवस्था सम्बन्धित सभाले निर्धारण गरे बमोजिम हुन्छ ।

### ञ. गाउँ/नगर सभामा वा सभाको समितिमा दफावार छलफल

विधेयकमा संशोधन गर्ने अवधि समाप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकमा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव राख्दछ । विधेयकको विषयवस्तुको महत्वको कारण व्यापक छलफल गर्नु पर्ने लागेमा सभाको विधेयक समितिमा दफावार छलफलको लागि पठाइयोस् भनी प्रस्ताव पेश गर्न सक्तछ । विधेयक समितिमा दफावार छलफल गर्न पठाइएकोमा समितिले त्यस्तो विधेयकमा छलफल गर्दा संशोधन पेश गर्ने सदस्यहरुलाई संशोधन पेश गर्नु परेको आधार र कारण खुलाई संशोधनको विषयमा प्रष्ट पार्न समय दिनु पर्दछ । यसरी संशोधनको विषयमा संशोधन पेश गर्ने सदस्यहरुले धारणा राखिसकेपछि त्यस्तो संशोधन स्वीकार गर्ने कि नगर्ने सम्बन्धमा मूल विधेयक प्रस्तुतकर्ता सदस्य समेतको राय लिई आवश्यक निर्णय गर्नु पर्दछ । विधेयकमा दफाबार छलफल सम्बन्धी अन्य व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुन्छ ।

### ट. सभाबाट विधेयक पारित गर्ने

विधेयकलाई समितिमा पठाइएको अवस्थामा विधायन समितिमा छलफल समाप्त भएपछि समितिले गरेको निर्णयको प्रतिवेदन तयार गरिन्छ । त्यसपछि समितिको प्रमुख वा निजको अनुपस्थितिमा निजले तोकेको समितिको अन्य कुनै सदस्यले प्रतिवेदन सहितको विधेयक गाउँ/नगर सभामा पेश गर्दछ । यस्तो प्रतिवेदन सभाका सबै सदस्यहरुलाई वितरण गरिन्छ । त्यसपछि सभाप्रमुखले विधेयक वितरण गरेको कम्तीमा चौबीस घण्टा पछिको समय तोकी गाउँ/नगरसभा आह्वान गर्दछ । सभामा विधेयक प्रस्तुतकर्ता सदस्यले प्रतिवेदन सहितको प्रस्ताव छलफल गरियोस् भनी प्रस्ताव पेश गर्नु पर्दछ ।

यसरी विधेयक समितिबाट आएको प्रतिवेदन सहितको प्रस्तावमा छलफल सकिएपछि संशोधनहरुलाई सभाको निर्णयको लागि क्रमशः पेश गरिन्छ । यसरी सभाको निर्णयको लागि पेश गरिसकेपछि वा समितिमा नपठाई सोझै गाउँ वा नगर सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछ । यस्तो प्रस्ताव सभाबाट स्वीकृत भएमा विधेयक पारित भएको मानिन्छ । विधेयकमा पेश भएका संशोधनहरुलाई सभाको निर्णयार्थ पेश गर्नेसम्बन्धी अन्य प्रक्रिया सभाले निर्धारण गरे

अनुसार हुन्छ । विधेयक प्रस्तुतकर्ता सदस्यले कार्यपालिकाको निर्णय गरेमा गाउँ/नगर सभाको स्वीकृति लिई जुनसुकै अवस्थामा विधेयक फिर्ता लिन सक्दछ । विधेयक फिर्ता लिने तथा अन्य प्रकृया सभाले निर्धारण गरे बमोजिम हुन्छ ।

**ठ. राजपत्रमा प्रकाशन, संघ र प्रदेशमा जानकारी गराउने तथा कार्यान्वयन**

सभाप्रमुखले सभाबाट पारित भएको विधेयकमा दफाहरुको क्रम मिलाउने तथा भाषागत शुद्धतामा सीमित रही त्रुटीहरु सुधार गर्न सक्तछ । यस्तो सुधारलाई अनुषांगिक सुधार भनिन्छ । सभाको सचिवले विधेयकमा पारित भएको **मिति, वर्षगत नम्बर समेत उल्लेख गरी नेपाली कागजमा चार प्रति तयार गरी प्रमाणीकरणको लागि सभा प्रमुखसमक्ष पेश गर्नु पर्द**छ । यसरी प्रस्तुत भएको विधेयकमा सभाको प्रमुखले पहिलो र अन्तिम पृष्ठमा पूरा नाम, थर, पद खुलाई हस्ताक्षर गर्नुपर्दछ र बिचको प्रत्येक पृष्ठमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नुपर्दछ । सभाप्रमुखबाट प्रमाणिकरण भई राजपत्रमा प्रकाशन भए पछि मात्र प्रस्तावित विधेयकले कानुनको मान्यता पाउँछ ।

यसरी प्रमाणीकरण भएको कुराको जानकारी सचिवले सभामा दिनुका साथै त्यस्तो कानुनको एक-एक प्रति **सभाको अभिलेखमा, कार्यपालिकाको कार्यालयमा व्यवस्थित गर्ने र संघ तथा प्रदेशको कानून हेर्ने मन्त्रालयमा** पठाउनु पर्दछ । साथै यस्तो कानुनलाई पालिकाको वेबसाईटमा राख्ने तथा अन्य सञ्चार माध्यम र अन्य उपयुक्त तवरबाट पनि प्रचार प्रसार गराउन सकिने व्यवस्था समेत रहेको छ ।

## २.३ कार्यपालिकाबाट कानुन बनाउने प्रकिया

स्थानीय तहको सभा संचालन नियमावली (कानून बनाउने प्रक्रिया समेत) र सबै ऐनहरु गाउँ/नगरसभाबाट पारित हुनुपर्दछ । यसको मार्गदर्शनको लागि प्रदेश सरकारले कानुन पनि बनाएको छ। तर प्रत्यायोजित विधायन अर्थात सभाले बनाएको ऐनको अधिकार अन्तर्गत रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, कार्यविधि, निर्देशिका र मापदण्ड लगायतका कानुन बनाउन सक्दछन् । स्थानीय तहमा धेरै कानून कार्यपालिकाबाट बनाईएको देखिन्छ । कार्यपालिकाबाट कानुनहरु निर्माण पनि निर्धारित प्रक्रिया तथा ढाँचामा तयार गर्नु पर्छ ।आवश्यकता पहिचान, कार्यपालिकाबाट सैद्धान्तिक स्वीकृति, मस्यौदा प्रस्ताव तयारी देखि कार्यपालिकाको सम्वद्ध समितिमा राय सुझाव पृष्ठपोषण लिने र कार्यपालिकाबाट स्वीकृत गराउनने अभ्यासमा धेरै समानता हुन्छ । यसरी स्वीकृत विधायन/मस्यौदा अध्यक्ष वा नगरप्रमुखबाट प्रमाणिकरण भई राजपत्रमा प्रकाशन भए पछिमात्र कानुनको मान्यता पाउँछ ।

## २.४ कानुनको ढाँचा तथा स्वरुपमा एकरुपता र सामञ्जस्यता

नेपाल कानून आयोगले जारी गरेको कानून तर्जुमा दिग्दर्शनले कानून तर्जुमाको सैद्धान्तिक तथा व्यावहारिक पक्षका बारेमा विस्तृत व्यवस्था गरेको भएता पनि सवै कुराहरु स्थानीय तहको लागि व्यवहारिक हुँदैनन् । अपवाद बाहेक स्थानीय तहहरुको संस्थागत क्षमता संघीय वा प्रदेश तहमा जस्तो सवल छैन।स्थानीय तहको मूल जिम्मेवारी कानुन बनाउने भन्दा विकास निर्माण तथा सेवा प्रवाह हो । न्यूनतम जनशक्तिबाट स्थानीय तह संचालन गर्नुपरेको अवस्था छ ।

स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधीहरुमा कानुनी साक्षारता अपवाद बाहेक कमजोर रहेको छ । अपवाद बाहेक निरवाचित जनप्रतिनिधिमा आधारभूत बिधायिकी ज्ञान, त्यसको महत्व र उपदेयताको बारेमा धेरै अपेक्षा गर्नु उपयुक्त पनि नहोला । यो व्यवहारिक पक्षलाई मध्यनजर गरी स्थानीय सरकारलाई लागू हुने सरल र संक्षिप्त व्यवस्थाहरु मात्र समेटेर कानूनको मस्यौदा गर्न वा नमूना कानूनकाका आधारमा स्थानीय तह विशेषलाई आवश्यक हुने कुराहरु राखी तथा आधारभूत कुराहरु मिलाई रुजु गर्न सक्ने गरी सामान्य निर्देशिकाको खाँचो देखिन्छ । साथै सम्बन्ध र सहजीरकणको लागि संस्थागत प्रबन्ध पनि अपरिहार्य देखिन्छ ताकि स्थानीय तहबाट निर्मित कानूनमा न्यूनतम प्रक्रियाको पालना होस र संघीय तथा प्रदेश कानूनसँग तादम्यता हुन सकोस् ।

यस्तो निर्देशिकामा कानून निर्माणका आधारभूत सिद्धान्तहरु, लैङ्गिक तटस्थ भाषाको प्रयोग, स्थानीय कानूनमा दण्ड जरिवाना राख्ने सम्बन्धी सिद्धान्त र निर्देशन, कानूनको ढाँचा र दफा नम्बर उल्लेख गर्ने तरिका तथा परिभाषा खण्ड तयार गर्ने तरिकाहरु निर्धारण गर्नु पर्दछ । त्यसै गरी प्रस्तावना लेख्दा विचार गर्नु पर्ने कुराहरुमा एकरुपता तथा स्तर तयार गर्नु पर्दछ । साथै निर्माणका न्यूनतम चरणको किटानी र कुनै निकायबाट परीक्षण गराउने नीतिगत व्यवस्था आवश्यक देखिन्छ।

# खण्ड तीन

# ललितपुर जिल्लाका स्थानीयतहबाट निर्मित कानुनहरु

## ३.१ कानुन निर्माणको आवश्यकता र नतिजा

स्थानीय तहहरुले प्रदान गर्ने सेवा तथा विकासात्मक गतिविधि/क्रियाकलापहरु सामान्यतः संघीय तथा प्रादेशिक कानुनको आधारमा गरेको पाईन्छ । तर स्थानीयतहले आफ्नो बिशिष्ठता र विशेष परिस्थिति वा अवस्थाको आधारमा वितरण गर्ने सेवा सुविधा र विकास निर्माणको लागि अतिरिक्त व्यवस्था गर्नु परेमा स्पष्ट कारण, आधार खुलाएर आवश्यक तथा उपयुक्त कानुनहरु बनाउँछन । यस्ता कानुनहरु संघीय तथा प्रादेशिक कानुनको पुरक रुपमा हुन्छन भने कतिपय प्रावधानहरु स्थान परिवेश अनुरुप सरलीकृत गरिन्छन् । त्यसैगरी केही कानुनहरु नितान्त नयाँ हुन सक्छन । तर त्यस्ता कानुन संघीय प्रादेशिक कानुनको अधिनमा रहेको हुनु त पर्छ नै । त्यसमाथि कार्यपालिकाबाट निर्माण हुने कानुन त स्थानीयतहको सभाबाट निर्मित कानुनले प्रत्यायोजन गरेको अधिकारमा सिमित रहनु पर्दछ ।

कानुन निर्माण कार्य प्रकियागत रुपमा जटील तथा प्राविधिक प्रकृतिको हुन्छ नै । संविधान निर्माताहरुले लोकतन्त्रको संस्थागत विकासको लागि स्थानीय तहमा पनि व्यवस्थापिकीय अधिकारको अभ्यासको परिकल्पना संविधान एवं स्थानीय सरकार संचालन ऐन मार्फत गरेको देखिन्छ । नेपालको संविधानले स्थानीय तहको लागि एकल एवं साझाँसुची सहितको अधिकार निक्षेपीकरण गरेको छ ।जसको लागि जनप्रतिनिधिलाई सक्षम उत्तरदायी र जवाफदेही बनाउदै स्थानीयतहमा कानुन निर्माणको मस्यौदा गर्ने, विषयगत समिति, कार्यपालिका वा सभामा प्रस्तुत गर्ने, छलफल गर्ने, पारित गर्ने, प्रमाणीकरण गर्ने एवं राजपत्रमा प्रकाशन गरी सोको संचार पैरवी गर्ने प्रावधान संघीय प्रदेश तथा स्वयं स्थानीय कानुनले दिशावोध गरेका छन। पुराना वा स्थापित केहि नगरपालिकाहरुले तोकिएका सिमित क्षेत्र वा बिषयलाई व्यवस्थित गर्न सिमित कानुन बनाउने अभ्यास संघीयता पहिले देखि रहेको भएता पनि २०७४ मा स्थानीयतहमा निर्वाचित सरकार गठन भएपछि मात्र यो विधायिकी अभ्यास थालनी भएको हो । निर्वाचित जनप्रतिनिधिहरुको पहिलो कार्यकालमा कानुन बनाउने एक प्रकारको लहड वा प्रतिष्पर्धा नै चलेको देखिन्छ भने दोश्रो कार्यकालमा यो प्रवृत्तिमा केहि कमी आएको देखिन्छ । यो प्रवृति प्रायः सबै स्थानीय तहमा देखिन्छ ।

संघीय मामिला मन्त्रालयको वेभसाईटमा उपलब्ध नमुना कानुनमा स्थानीयतहको नाम भरेर कार्यपालिका वा सभाको निर्णयसूचीमा अमुक नामको कानुन पारित भएको एक बुँदा समावेश गरेको भरमा कानुन बनाईएको भनियो । एक प्रकारको हाँस्यास्पद अभ्यास गरेको देखियो,

यस्ता कानुन किन बनाईयो ? कसले कहाँ कसरी ती कानुनको प्रयोग गर्यो ? जस्ता बिषय अनुत्तरित छन भने कानुन तथा सो निर्माण प्रकृयाको अभिलेख बिषयमा आँफैले बनाएका कानुनको बारेमा स्थानीयतहरुका जनप्रतिनिधि एवं कर्मचारीहरु अपवाद बाहेक बेखबर रहेको अध्ययनबाट देखियो। सहज अनुमान गर्न सकिन्छ स्थानीय नागरिक मतदाता ती कानून प्रति कति सुसूचित भए होलान् ।

## ३.२ ललितपुर जिल्लाका स्थानीय तहबाट निर्माण गरिएका कानुनहरुको बिवरण

| स्थानीय तह | ऐन | नियमावली | निर्देशिका | मापदण्ड | कार्यविधि | अन्य | कैफियत जम्मा |
|---|---|---|---|---|---|---|---|
| ललितपुर मनपा | १२ | १ | ८ | ५ | ३७ | ० | ६३ |
| महालक्ष्मी नपा | ८ | ३ | १० | ६ | ३५ | १ $ | ६३ |
| गोदावरी न.पा. | १३ | ३ | ७ | ४ | ६३ | ५ # | ९५ |
| बागमती गा.पा. | ९ | ४ | ६ | २ | ५३ | ९ * | ८३ |
| कोञ्ज्योसोम गा.पा. | १० | ४ | ० | १ | ३१ | १ | ४७ |
| महाङ्काल गा.पा. | ७ | ६ | २ | ० | ३७ | ० | ५२ |
| जम्मा | ५९ | २१ | ३३ | १८ | २५६ | १६ | ४०३ |

नोटः अन्य अन्तरगत बिनियमावली/आचारसंहिता रहेका छन ।% महालक्ष्मी नपामा २ बिनियमावली । # गोदावरी नपामा २ बिनियमावली २ बिधेयक १ आचारसंहिता कानुनमा समवेश गरिएको। * बागमती गापामा १ दिग्दर्शन ६ बिधेयक २ आचारसंहिता रहेको ।

माथि उल्लेखित तालिकाले स्पष्ट देखाउँछ कि विगत नौ वर्षमा गोदावरी नगरपालिकाले ९५ वटा कानुन बनाएको छ र पहिलो स्थान हासिल गरेको छ । ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिकाले ६३ समान कानुन बनाई गोदावरी नपालाई पछ्याएको देखिन्छ। यसैगरी गाँउपालिका तर्फ हेर्दा बागमती गापाले ८३ कानुन बनाउदा बाँकी दुई गाउँपालिका क्रमशः महाङ्काललले ५२ र कोञ्ज्योसोमले ४७ वटा कानुन बनाएको देखिन्छ । यसै गरी स्थानीय तहले बनाएका कानुनहरुमा कार्यविधि कानुनको संख्या अत्यधिक रहेको छ। प्रायः सबै स्थानीय तहहरुले निर्माण गरेका कानुनहरुको संगालोहरु प्रकाशन पनि गरेका छन । निर्मित कानुनहरुको संशोधन अति न्युन रहेको छ(गोदावरी नपामा मात्र) । माथि उल्लेखित कानुनको अतिरिक्त सबै स्थानीयतहले प्रत्येक आ. व. मा कर/दस्तुर/शुल्क उठाउन अनिवार्य हुने **आर्थिक ऐन र** तथा स्थानीय संचितकोषमा जम्मा हुने

सबै प्रकारको रकम खर्च गर्न अनिवार्य हुने **बिनियोजन ऐन** बनाउने गरेका छन ।यी दुई कानुन बनाउने कार्य नियमित जस्तै भएकाले माथिको तालिकामा समावेश गरिएको छैन ।

यस जिल्लाको स्थानीय तहहरुले निर्माण गरेका कानुन निर्माणको अभ्यासलाई नियाल्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको नमूना कानुन (मस्यौदामा ) लाई गाउँ/नगर कार्यपालिका / सभाको बैठकको (**Minute**) निर्णयको एक बुदाँमा उल्लेख गरेको मात्र देखिन्छ। कतिपय कानून त पारित भएको भन्ने व्यहोरा निर्णयमा समेत समावेश भएको देखिँदैन् । अपवादमा कतै केहि छलफल भएको भए पनि त्यसको कुनै अभिलेख देखिदैन । यसरी निर्मित कानुको ठुलो संख्या देखाउने तर सामान्य प्रक्रिया पनि पालना हुनु अत्यन्त अपरिपक्व कार्य वा अभ्यासको रुपमा रहेको देखिन्छ। कुनै पनि कानुन जारी हुनुमात्र सफलता होईन बैधताको लागि समावेश गरिने विषयवस्तुको साथसाथै कानुन निर्माण प्रकृयाको अहम महत्व हुन्छ ।

६ वटै स्थानीय तहहरुबाट निर्मित कानुनको सन्दर्भमा अवलम्वन गरिएको प्रकृया (**Process**) को कतै अभिलेख पाइदैन । यति मात्र होइन निर्मित कानुन के को लागि बनाइयो अर्थात कानुन वनाउनु पर्ने आवश्यकता किन कसरी आयो भन्ने अभिलेख नहुनु स्थानीय तहको संस्थागत क्षमता अत्यन्त कमजोर भएको सजिव उदाहरण हो । यसै गरी निर्मित कानुन संघीय वा प्रादेशिक कानुन भन्दा के कती फरक छन भन्ने बिषय पनि कुनै स्थानीय तहमा देखिँदैन । साथै प्रदेश कानुनले तोकेको प्रकृया पनि अवलम्वन त भएको देखिदैन नै, त्यस्तो कानुन भएको बारेमा कुनै पनि स्थानीय तह अवगत रहेको समेत देखिएन। तर यो अध्ययनको क्रममा यी विषयहरु उठाइए पछि उपलब्ध भएका अभिलेखहरुलाई केहि मात्रामा व्यवस्थित गर्ने प्रयास गरेको पाईन्छ । तर अहिलेपनि स्थानीयतहमा निर्मित कानुनको अभिलेख देखाउने अवस्थामा ६ वटै स्थानीय तहहरु पुगेको अवस्था देखिँदैन् ।

## ३.३ स्थानीय तहगत निर्मित कानुनहरुको विवरण

### ३.३.१ ललितपुर महानगरपालिका

| क्र.सं. | प्रकार | नाम | सभा/कार्यपालिकामा पेश भएको मिति | सभा/कार्यपालिकाले पारित गरेको मिति | प्रमुख/अध्यक्षबाट प्रमाणित मिति | राजपत्रमा प्रकाशित मिति | विषयगत समितिमा छलफल भए/नभएको |
|---|---|---|---|---|---|---|---|
| १ | ऐन | राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७५ | नगरसभामा पेश भएको | नगरसभाले पारित गरेको | नगर प्रमुखबाट प्रमाणित | ०७५/३/३२ | भएको |
| २ | | प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ | ,, | ,, | ,, | ०७५/३/३२ | भएको |
| ३ | | आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ | ,, | ,, | ,, | ०७५/३/३२ | भएको |
| ४ | | सरकारी ऐन, २०७५ संशोधन, २०८१ | ,, | ,, | ,, | ०७५/३/३२ | भएको |
| ५ | | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ | ,, | ,, | ,, | ०७५/११/२९ | भएको |
| ६ | | फोहोरमैला व्यवस्थापन ऐन, २०७५ | ,, | ,, | ,, | ०७५/११/२९ | भएको |
| ७ | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ | ,, | ,, | ,, | ०७५/११/२९ | भएको |
| ८ | | न्यायिक समितिको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ | ,, | ,, | ,, | ०७५/११/२९ | भएको |
| ९ | | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८० | ,, | ,, | ,, | ०८०/९/२९ | भएको |

| क्र.सं. | प्रकार | नाम | सभा/कार्यपालिकामा पेश भएको मिति | सभा/कार्यपालिकाले पारित गरेको मिति | प्रमुख/अध्यक्षबाट प्रमाणित मिति | राजपत्रमा प्रकाशित मिति | विषयगत समितिमा छलफल भए/नभएको |
|---|---|---|---|---|---|---|---|
| १० | | ललितपुर महानगरपालिका संस्था दर्ता ऐन, २०८० | ,, | ,, | ,, | ०८०/९/२९ | भएको |
| ११ | | औद्योगिक व्यवसाय नियमन तथा प्रवर्द्धन गर्न बनेको ऐन, २०८० | ,, | ,, | ,, | ०८०/९/२९ | भएको |
| १२ | | ललितपुर महानगरपालिका भवन नियमित/अभिलेखीकरण ऐन, २०८१ | ,, | ,, | ,, | ०८१/१०/२ | भएको |
| १३ | नियमावली | ललितपुर महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१ | ,, | ,, | ,, | ०८१/८/२७ | भएको |
सालवसाली रुपमा प्रत्येक आर्थिक वर्षमा तयार गरिने आर्थिक ऐन र बिनियोजन ऐन बाहेक यस जिल्लाका ६ वटा स्थानीयतहहरुले जारी गरेका ४०३ कानुनहरुको सारांश तथा तहगत रुपमा कानुनको अलग अलग तालिका अघिल्लो खण्डमा उल्लेख गरिएको छ । साथै सोहि खण्डमा ६ वटै स्थानीय तहले जारी गरेका कानुनहरुको नाम नामेसी सहितको फेहरिस्त पनि समावेश गरिएको छ। केहि स्थानीय तहहरुले निर्मिण गरेका कानुनहरुको संग्रहहरु प्रकाशन पनि गरेका छन्। केहि स्थानीय तहले अध्ययनको क्रममा जीज्ञासा राखेपछि कार्यालयको वेभसाईटमा अपलोड गरेको देखिन्छ। अध्ययनको क्रममा कानूनहरु कसरी सार्वजनिक भए वा गरिए भन्ने प्रश्न/जिज्ञासा राखिएपछि मात्र बेभसाईटमा अपलोड वा प्रविष्ट गरिएको अवस्था पनि देखियो ।प्रत्येक पालिकाबाट निर्मित कानुनको फेहरिस्त हेर्दा लाग्छ एकात्मक व्यवस्थामा कायम रहेका कानुनहरू स्थानीय विकासको लागि अनुपयुक्त वा अपर्याप्त भएकाले कानुन निर्माणमा यस जिल्लाले ठूलो छलाङ मारेको जस्तो देखिन्छ।

तथापि निर्मित कानुनहरुको तर्जुमा गर्दा अवलम्वन गरिएका प्रक्रिया एवं अभ्यासहरु, कानूनमा समावेश भएका विषयवस्तु समावेश भएका बिषयवस्तु तथा कानुनको प्रमाणिकरण एवं सोको अभिलेख व्यवस्थापन साथ-साथै कानूनको प्रयोग वा कार्यान्वयन र ती कानुन प्रति सरोकारवालाहरुको जानकारी प्रतिक्रिया वा सुझाव आदिलाई आधार मानी गरिएको विश्लेषण बुँदागत रुपमा निम्नानुसार रहेको छः

### ४.१.१ कानुन बनाउदा संवैधानिक प्रावधानको पालना

नेपालको संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँड गरिएको छ ।त्यसको प्रयोग वा अभ्यास तीन तहबाट हुने भनिएको छ। संविधानको धारा २२६ मा अनुसुची ८ र ९ मा उल्लेखित विषयको प्रयोग गाउँ/नगरसभाले बनाएको कानुन बमोजिम हुने र त्यस्तो कानुन संघीय एवं प्रदेश कानुनसँग बाझिन नहुने प्रावधान रहेको छ । संविधानको धारा २२६ ले स्पष्ट रुपमा स्थानीय तहबाट कानुन निर्माण प्रक्रिया प्रदेश कानुन बमोजिम हुनेछ भनिएको छ। बागमती प्रदेशले पनि स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ जारी गरेको पाईन्छ ।

६ वटै स्थानीय तहबाट निर्मित कानुनको निर्माण प्रक्रिया सम्बन्धी अभिलेख हेर्दा र सम्वद्ध पक्षको प्रतिक्रिया अनुसार कानुनले निर्धारण गरेको प्रावधानको पालना त भएन नै अपितु प्रावधानको बारेमा अनभिज्ञता दखियो। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा ऐन बनाउन सक्नेछ र ऐनको अधिनमा रही कार्यपालिकाले

नियम, निर्देशिका, कार्यविधि र मापदण्ड लगायतका कानुन बनाउन सक्ने र यसरी बनाईएका कानुनहरु राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ। ६ वटै स्थानीय तहले राजपत्रसम्बन्धी कानुन बनाएका पनि छन तर आफैले पारित गरेको राजपत्र स्वयंको पालना शायदै भएको देखिन्छ । यहाँसम्मकी कानुन शाखाका अधिकृतहरुले आफ्नो पालिकाको राजपत्रका प्रावधान अध्ययन गरेको पनि पाईएन ।

### ४.१.२ कानुनको आवश्यकता पहिचान

कानुन बनाउनेले विचार पुर्याउनु पर्ने सबैभन्दा पहिलो पक्ष हो कुन उदेश्यको लागि कानुनको आवश्यता परेको हो सो बिषय स्पष्ट हुनुपर्दछ । कुन ऐन वा नियमावलीको अधिकार प्रयोग गरी कानुन जारी भएको हो खुलाउनु पर्दछ । कानुन वनाउने विषय सामान्य दैनिक प्रशासनिक निर्णय जस्तो नभएर वार्षिक रुपमा तयार गरिने वार्षिक नीति तथा वजेट कार्यक्रमका शासकीय सुधार खण्डमा पहिचान गरिएको हुनुपर्दछ वा संकेत गरिएको हुनुपर्दछ ।

अध्ययनको क्रममा जनप्रतिनिधिहरु तथा कर्मचारी नेतृत्व एवं कानुन शाखामा कार्यरत कर्मचारीसँग यो कानुन किन ल्याइयो/जारी गरियो भनी जिज्ञासा राख्दा सामान्यतः अनौठो जवाफ वा अनभिज्ञता देखिन्छ। पहिलो जबाफ हो विगतमा नेपाल सरकारले अवलम्वन गरेको कार्यसम्पादन मापनमा प्रयोगमा ल्याइएको <u>स्थानीय तह स्वमूल्याकन प्रणाली</u> **(Local Government Institutional Capacity Self-Assessment)** र <u>बित्तीय जोखिम मूल्याङ्कन</u> **(Fiduciary Risk Assessment)** ले मागेकोले अङ्क प्राप्तिको लागि कानुन बनाइयो । दोश्रो तर्क थियो, विकास साझेदार वा गैससहरुले अनुदान/अन्य सहयोगको लागि पूर्वशर्तको रुपमा स्थानीय कानुनको आवश्यकता देखाएकाले कानुन बनाइएको हो जुन स्वभाविक पनि थियो । यसै गरी राजनीतिक एवं प्रशासनिक नेतृत्वले आफ्नो कार्यकाल सफल वा प्रभावकारी देखाउन देखासिकीको आधारमा थप कानुन बनाईएको देखियो । त्यसैगरी स्थानीयतहको सम्पर्कमा रहेका अन्य स्थानीय तहमा कानुन बनाइएको सुनेर देखेर पनि कपी पेष्ट शैलीमा पनि कानुन बनाएको देखियो । परामर्शदाताले तयार गरेको दस्तावेजलाई सिधै अनुमोदन गरेर पनि कानुनहरु बनाईएको अर्को कारण देखिन्छ । त्यसै गरी परामर्श सेवा खरिदको माध्यम पनि कानून बनाईयो ।

स्थानीय तहका जनप्रतिनिधी आफ्नो स्थानीय तह वा सरकारले बनाएको कानुनको बारेमा अपवाद वाहेक अनभिज्ञ छन । कतिपय जनप्रतिनिधीहरु त स्थानीय तहबाट प्रकाशन भएको कानुन संग्रह नदेखेको पनि बताउछन । गाउँ/नगर सभाले विधेयक पारित गर्ने विधि पालना गरेको देखिदैन वा तोकेको कुनै अभिलेख राखेको पनि देखिँदैन । स्थानीय सरकारको मौजुदा संगठन संरचना जनशक्तिले उक्त प्रक्रिया पालन गरी कानुन बनाउने सम्भावना नरहेको भनाइ छ। जुन धेरै हदसम्म सत्यताको नजिक पनि छ। पर्याप्त जनशक्ति सहितको कानुन शाखा सबै वडाहरुमा कानुन अधिकृत भएको भएको महानगरपालिकामा त कानुन निर्मण प्रकृया सम्बन्धी प्रदेश कानुनको बारेमा अनविज्ञता छ भने अन्य स्थानीय तहहरु जहाँ न व्यवस्थित रुपमा कानुन शाखा छ न कानुन बिषयको अध्ययन गरेको जनशक्ति छ; ती स्थानीय तहहरुको अवस्था कस्तो होला सहजै अनुमान गर्न

सकिन्छ। अनौठो पक्ष त के छ भने सबै स्थानीय तहमा बनाएका कानुनको फेहरिस्त अति लामो छ ।

स्थानीय तह वा कुनै पनि संस्थाले कानुन निर्माण गर्दा कम्तिमा अलग रुपमा आवश्यकता विश्लेषण सहित बिषय उठान गरिनु पर्ने वा उठाउनु पर्ने हुन्छ । साथै स्थानीय सरकार संचालन ऐनले परिकल्पना गरेको विधेयक लगायत विषयगत समितिमा बिषयवस्तुको बारेमा सामान्य छलफल गरिनुपर्दछ । साथै नाममात्र कै भएपनि औपचारिकता दिने गर्नु हुन्छ जुन गरिएन। कदांचित यस्तो अभ्यास गरिएको भए सो को अभिलेख व्यवस्थापन गर्नुपर्नेमा सो को पालना भएको अभिलेखबाट देखिदैन ।एउटै प्रदेश कानुनले तोकेको सुविधा थाहा पाउने तर तर सोहि ऐनमा भएको अन्य व्यवस्था वा प्रावधान कानुन बनाउदा थाहा नहुने आश्चार्य लाग्दो अवस्था देखियो ।

### ४.१.३ कानुन निर्माण औपचारिकता

कानुन तर्जुमाका केहि प्रमुख चरणहरु छन । जस्तै १.अवधारणापत्र तयारी २. सैद्धान्तिक स्वीकृति र कानुन तर्जुमा समिति गठन ३. सरोकारवाला/नागरिकसँग सुझाव संकलन ४. विधेयकमा कार्यपालिकाको स्वीकृति ५. नगरसभामा प्रस्तुती छलफल ६. सभाबाट विधेयक पारित ७ प्रमाणीकरण ८.राजपत्रमा प्रकाशन ९. कानुनी प्रकृया तथा निर्मित कानुनको प्रमाणिकरण एवं अभिलेखीकरण।

अध्ययनको प्रकृयामा स्थानीयतहमा उपलब्ध अभिलेख तथा सम्वद्ध शाखाका कर्मचारीहरुबाट पहिलो वा आधारभूत तहको जानकारी संकलन गरिएको थियो। स्थानीयतहहरुको पहिलो निर्वाचन लगतै तत्कालिन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कानुनका मस्यौदा (नमुना) तयार गरी वेभसाइडमा राख्यो । यही नमुना कानुनलाई कर्मचारीहरुले खाली स्थानमा स्थानीयतहको नाम भरेर मस्यौदा/विधेयक तयार गरे । बाँकी भागमा अपवाद बाहेक हुबहू कार्यपालिकाको बैठकका विभिन्न निर्णयहरुको सूचीमा अमुक नामको कानुनको कानुन पारित भएको व्यहोरा जनाइयो । कार्यपालिकाबाट हुने अन्य निर्णय लिष्टमा कानुनको विषय पनि समावेश भएकाले निर्णयको तिथिमिति पहिचान गर्न समेत अर्को अध्ययन आवश्यक देखियो । माथि उल्लेखित १ देखि ४ र ९ औं चरणको कामको अभलिेख कुनै स्थानीय तहमा पाउन सकएिन ।

कतिपय स्थानीयतहले ऐन नै कार्यपालिकाबाट निर्णयको आधारमा तयार भएको लेखिएको छ भने कतिपयमा नियमावली/कार्यविधिहरु पनि सभाबाट स्वीकृत/पारित भएको जनाइएको देखिन्छ। यसको कारण खोज्दा स्थानीयतहका प्रशासनिक नेतृत्व एवं राजनैतिक नेतृत्वमा कानुनको आधारभूत जानकारी नभएको वा नहुनु नै प्रमुख कारण देखिन्छ । प्रारम्भिक वर्षहरुमा स्थानीय तहले कानुन तर्जुमा अभ्यास भन्दा कति कानुन बनाइयो भन्ने बिषय नै प्रतिष्ठाको विषय बन्यो । यसैगरी कानुन निर्माण परामर्श सेवाको खरिद गर्ने सहज उपयुक्त माध्यम भएकाले यस्तो खेति भएको पनि चर्चा सुनियो तर त्यति गहिराईमा पुग्न संभव साथै उपयुक्त लागेन पनि । मलेपको प्रतिवेदनमा समेत यी कुरा औंल्याईएको र सञ्चार माध्यममा यस्ता समाचारहरु पटकपटक सार्वजनिक भएको पाईन्छ ।

तालुक मन्त्रालयका वहालवाला वा अवकास प्राप्त कतिपय उच्च पदस्थ कर्मचारीहरुले परामर्श सेवाको नाममा देशभरी कानुन बनाईदिने व्यवसाय चलाए । केहि परामर्शदाताहरुले दलका नेतृत्वको माध्यमबाट स्थानीय तहका नेतृत्वलाई काम दिलाईदिन वा उपलब्ध गराइदिन सिफारिस गरेकोले पनि कसैलाई खुसी तुल्याउन समेत कानुन बनाईएको पाईन्छ ।परामर्शदाताले कानुनको दस्तावेज अर्थात किताव त बनाईदए तर त्यस्ता परामर्शदाताले कानुन निर्माणको आधारभूत प्रक्रियालाई पुणतः उपेक्षा गरेको देखियो ।परामर्शदाताले एउटा मास्टर कपी बनाएर दशौं स्थानीय तहलाई विक्री गरे । यो अभ्यास यदाकदा अहिले पनि जारी छ ।परामर्शदाताको सहयोग लिनु आफैमा गलत नहोला ।तर कम्तिमा सम्वद्ध शाखा, बिषयगत समिति, कार्यपालिका साथै सभामा सामान्य औपचारिकता पुरा गरिएको भए स्थानीय सुशासनमा न्यूनतम योगदान त पुग्थ्यो होला ।

तर कानुन वनाउने विषय नियमित प्रशासनिक काम भन्दा पृथक महत्व राख्दछ। यस्तो कानुन वर्षौं वा भनौ दशकौं सम्म रहने (संस्थागत हुने) भएकाले कानुनको निर्माणमा निर्वाचित प्रतिनिधिलाई सहभागी मात्र नभई जिम्मेवार एवं जवाफदेही वनाउनु पर्दछ । तर यो विषयमा निर्मित कानुनको निर्माण प्रक्रिया सामान्य औपचारिकता पनि पूरा भएको पाइदैन् । स्वार्थ समूहको प्रभावमा जस्तै सहकारी सस्था सम्बन्धी कानुन एउटा नमूना हो।यो कानुनमा समावेश भएका प्रावधानलाई लिएर सम्मानित सर्वोच्च अदालतमा स्थानीयतहको बिरुद्ध मुद्धा समेत दायर भएको छ । वागमती गा.पा.को संगालो - २०८१ को पेज ६९ हेरौं । कोञ्ज्योसोमको स्थानी राजपत्रको पहिलो पेजमात्र हेर्दा लाग्छ यो तहको अनभिज्ञतामा पनि कानुन बनाइएको छ ।

### ४.१.४ संघीय र प्रादेशिक कानुनमा तादाम्यता नभएको

लोकतन्त्रको संस्थागत विकास **(Institutionalised/Deepening Democracy)** का लागि बिकेन्द्रिकरण प्रभावकारी माध्यम हो । जनताको नजिक रहेको शासकीय ईकाइ स्थानीय तहले आफ्नो आवश्यक तथा परिवेश अनुरुप कानुन बनाई सो को कार्यान्वयन गर्ने अभ्यासले स्वःशासनको मर्मलाई स्थापित गर्दछ । विधिवत रुपमा कानुन तर्जुमा र बैधता आफैमा प्रभावकारिताको मापन वा नजिता प्राप्तिको पूर्वशर्त हो । स्थानीय तह वा सरकार निरपेक्ष सरकार होईन । स्थानीय तहको कानुन बनाउने बिषयमा संविधान, प्रदेश कानुन तथा स्थानीय सरकार संचालन ऐन स्वयंले कानुनहरु बीचको **Vertical and Horizontal** तादाम्यता र सामञ्जस्यसताको सीमा तोकिदिएको छ । एकातिर स्थानीय तहले कानुन बनाउने विषय प्रदेश कानुन बमोजिम हुने भनिएको छ अर्कोतिर संघीय सरकारले उक्त संवैधानिक प्रवाधानलाई पुरै नजरअन्दाज गरी धेरै कानुनको मस्यौदाहरु वेभसाईटमा अपलोड गर्दै लग्यो। केही हदसम्म यो प्रयोग जायज नै थियो होला तर कम्तिमा सामान्य प्रकृया पनि समावेश गरिदएको भए शायद स्थानीय तहमा एकतहको वा न्यूनतम हदको विधायिकी अभ्यास भएको हुने थियो, केही मात्रामा भए पनि जनप्रतिनिधीहरुले महशुस गर्थे होला । यसतर्फ फोकल मन्त्रालय संघीय मामिलाको ध्यान पुग्न सकेन् । बागमती प्रदेश सरकारले जारी गरेको गाउँ/नगर/जिल्ला सभा संचालन कार्यविधि ऐन, २०७५ (प्रकाशन २०७५।०१।२० संशोधन २०७७।०४।१६) को परिच्छेद -३ मा उल्लेखित कानुन निर्माण प्रकृया पालना भएन ।

यी विविध कानुनी प्रावधान भएता पनि ६ वटै स्थानीय तहमा यसबारेमा जिज्ञासा, छलफल, पृष्ठपोषण लिदा उक्त प्रदेश कानुन अवगत नै नभएको वताएको पाइयो । यस विषयमा छलफल पश्चात् मात्र स्थानीय तहले उक्त कानुनको बारेमा सोध खोज प्रारम्भ भएको थियो। साथै सो कानुनमा उल्लेखित कानुन निर्माण प्रक्रियाको अभिलेख त भएन नै आफैले बनाएको स्थानीय राजपत्र समेत भएको देखिएन ।

यस जिल्लामा केहि स्थानीय तहहरुको समन्वय बैठक बस्ने गरेको केहि अभिलेखमा देखिन्छ (जिससलाई सहभागी गराएको देखिदैंन) । तर के बिषयमा सहकार्य वा सामञ्जस्यता भयो देखिदैंन।

### ४.१.५ प्रक्रिया पालना नभएको अवस्था

प्रदेश सरकारको सभाले जारी गरेको गाउँ/नगर/ जिल्ला सभाको संचालन कार्यविधि -२०७५ को दफा २६ को उपदफा ७ अनुरुप अनुसूची १ मा कानुन निर्माण कानुन निर्माण सम्वन्धी कार्यसूची र समय तालिका तोकेको छ जसको अभ्यास नै भएन । अभ्यास नभए पछि अभिलेख हुने विषय पनि स्वतः रहेन । यस बिषयमा कानुन शाखामा कार्यरत कर्मचारीहरु अनभिज्ञ रहेको बताउछन । त्यसैगरी सोही ऐनको दफा २९ को उपदफा (४) अनुरुप कार्यपालिका एवं सभामा प्रस्तुत कानुनको अभिलेख कुनैपनि स्थानीय तहमा देखिएन वा पाइएन । त्यति मात्र होइन विधायिकी अभ्यासको महत्व नै ग्रहण गरेको देखिएन । त्यसैगरी स्वीकृत कानुनको अभिलेख (अनुसूँची ३ बमोजिम) माग गरेपछि मात्र स्थानीय तहले रजिष्टर खडा गर्न थालेको पाइन्छ । तर अहिले पनि यो अभ्यास प्रारम्भिक चरणमै रहेको अवस्था छ । अर्थात् केही स्थानीय तहले विधेयक नै कानून मानी राजपत्रमा समावेश गरेका छन् (बागमती गापाको सूची छ) ।

कानुनको आवश्यकता भएको/रहेको बैधता दिने आधिकारिक तह वा निकाय कार्यपालिका हो । किनकी नपा/गापको तर्फबाट वा नाममा हुने सबै कामको जिम्मेवारी कार्यपालिकामा रहन्छ । कार्यपालिकामा निर्णयार्थ पेश हुने प्रस्ताव सम्वद्ध शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत हुदै गाउँ नगरप्रमुखबाट निर्णय भई कार्यपालिकामा निर्णयार्थ पेश गरिन्छ। कार्यपालिकाको आकार पनि तुलनात्मक रुपमा छरितो हुने र यसको बैठक पनि छिटोछिटो तथा आवश्यकता अनुसार बस्न सकिने भएकोले पनि विधेयक/प्रस्तावका विभिन्न पक्षमा गहन छलफल संभव हुन्छ । ब्यवहारत स्थानीयतहको कार्यपालिकामा पेश गरिने सबै बिषयहरु प्रस्तावको रुपमा तयार गर्न संभव हुदैन । तर कानून बनाउने कुरा अन्य दैनिक प्रशासनिक वा पटके निर्णय जस्तो होईन । समग्रमा स्थानीय तहमा धेरै बिषयमा कानुनका दस्तावेज तयार भएको भएता पनि कानुन तर्जूमाका आधारभूत वा न्यूनतम अभ्यास कुनै पनि स्थानीय तहमा भएको देखिएन ।

### ४.१.६ कानुनको अभिलेख व्यवस्थापन जिम्मेवार शाखा र अधिकृत नतोकिएको

सङ्घीय वा प्रदेश सरकारमा कानुन मन्त्रालय जस्तै स्थानीय तहमा कानुन विषयको व्यवस्थापनको लागि शाखा/महाशाखाको परिकल्पना गरिएको छ। नगरपालिकाहरू मध्ये ललितपुर मनपामा मात्र कानुन शाखाको नेतृत्व कानुन अधिकृतबाट भएको र अन्य सहयोगी कर्मचारी पनि रहेका छन् भने अन्य स्थानीय तहमा कानुन अधिकृतको व्यवस्था समेत भएको देखिदैन। गापाहरुमा प्रदेश सरकारले उपलब्ध गराएका कानुनी सहजकर्ताहरु त्यो पनि करार सेवामा सहायक स्तरका छन्। उनीहरु पनि

सामान्यत न्यायिक सहजकर्ताको रुपमा न्यायिक समितिमा मात्र खुम्चिएको देखिन्छ । त्यसैगरी महालक्ष्मी नपामा कानुनी सल्लाहकारको नाममा कानुन व्यवसायी राखेका भएता पनि अध्ययनको क्रममा सोधखोज भएपछि मात्र कानुन निर्माण प्रक्रियाको विषयमा चासो देखाएको अवस्था छ । अध्ययन टोलीको सहयोग र सुझावको आधारमा प्रशासन शाखाको कर्मचारीले उपलब्ध विवरण एकीकृत गर्न थालेको अवस्था भयो । त्यसै गरी गोदावरी नपामा कानून शाखामा कानूनको आधारभूत अध्ययन नभएका(प्रशिक्षण समेत नभएका) कर्मचारीलाई खटाएको देखिन्छ । यसै गरी स्थानीयतह स्वयंले बनाएको कानुन स्थानीय राजपत्रमा उल्लेख भएको भएता पनि तर कुनै पनि स्थानीयतहमा कानुनको अभिलेख व्यवस्थापन अधिकारी तोकेको देखिदैन । पारित भएको कानुनको सक्कल प्रति(प्रमाणीत कपी) र राजपत्रको अभिलेख अध्ययनको क्रममा पाउन सकिएन भने स्थानीय राजपत्र प्रमाणीत वा सक्कल प्रति नभएको र **ऐनसंग्रह** पनि पत्रिका लेख रचना जस्तै संपादक मण्डल सल्लाहकार राखिनु भनेको सामान्य प्रशिक्षणको अभाव हुनुपर्दछ ।

कानुन निर्माणको अतिरिक्त स्थानीय तहहरुमा कानुन सम्वद्ध धेरै बिषयहरु पटकपटक जोडिने भएकोले कम्तिमा पनि एकजना कानुन अधिकृत यथासीघ्र व्यवस्थापन गर्नु पर्ने देखिन्छ । कम्तिमा कानूनी सल्लाहकारलाई पनि यस्ता कार्यमा परिचालन वा उपयोग गर्न सकिएमा कम्तिमा पनि विगतमा निर्मित कानुन परिमार्जनमा ठूलो सहयोग पुग्ने देखिन्छ ।

### ४.१.७ स्थानीय तहको राजपत्र र कार्यान्वयन

ललितपुर महानगरपालिका र कोञ्ज्योसोम गापाले स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७५ बनाएको छन भने अन्य सबै स्थानीय तहले राजपत्र सम्बन्धी कार्यविधि, २०७५ बनाएको देखिन्छ, राजपत्रको ढाँचा प्रकाशन गरेको पनि देखिन्छ। सबै स्थानीय तहले जारी गरेका कानुनहरुको सूचीमा राजपत्र सम्बनधी कानुन पनि संलग्न छ । सवै स्थानीय तहहरुको राजपत्रमा स्थानीय तहको नाम बाहेक केहि पनि कुनै फरकपन छैन । तर आफैले बनाएको कानुनमा के लेखिएको छ भन्ने कसैले हेरेको पनि देखिदैन। अन्यथा सोहि कानुनको भाग ३ दफा ९ मा तोकिएको शाखा / इकाइ बाट राजपत्र प्रकाशन हुने उल्लेख छ तर उक्त शाखा तोकिएको कतै छैन । साथै तोकिए बमोजिम प्रमाणित अभिलेख समेत कुनै स्थानीयतहले राखेको पाईदैन ।समग्रमा यसको पालना भएको देखिदैन । कुन कानुन कसले पारित गर्ने जस्ता अति सामान्य अपरिपक्वता पनि हुदैन थिए । कानुन बनाउने कार्य आफैमा जटिल भएकाले कुनै समय जे जसरी बनाईएको भएता पनि कमीकमजोरी पहिचान गरी त्यसमा सुधार परिमार्जन गर्नको लागी स्थानीयतह स्वयं अधिकार सम्पन्न भएकाले आगामी आ व सबैभन्दा उत्तम देखिन्छ । नेपाल सरकारले आगामी आ.व. २०८३/८४ मा कानुन सुधार वर्ष घोषणा गरेकोले स्थानीय तहले पनि निर्मित कानुनमा रहेका कमजोरी सुधार गर्न सान्दर्भिक हुने देखिन्छ ।

### ४.१.८ निर्मित कानुनको प्रयोग वा कार्यान्वयन

६ वटै स्थानीय तहमा निर्मित कानुनको कार्यान्वयनको विषयमा शोधखोज गर्दा कतै प्रयोग भएको शायदै देखियो वा पाईयो ।धेरै पटक कानुनको प्रयोग गर्नु पर्ने आप्र शाखा वा योजना शाखा वा

खरिद शाखा/ईकाईले स्थानीय कानुन यो अवस्थमा यस कारणले प्रयोग भएको भनि देखाउन सकेनन ।स्थानीय तहमा प्रयोग हुने कानुनहरु मुख्यतः खरिद तथा भुक्तानीमा आर्थिक प्रशासन सम्बन्धी ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र नियमावली हुन भने कर्मचारी प्रशासन सम्बन्धमा निजामती ऐन र नियमावली सन्दर्भ सामग्रीको रुपमा उपयोग गरिन्छ वा पालना हुन्छ । त्यसै गरी जनप्रतिनधीको सेवा सुविधा प्रदेश कानुनले निर्धारण गरेको छ । अपवादको रुपमा ललितपुर मनपाले सांस्कृतिक तथा पुरातात्विक महत्वका संपदाको मर्मत संभार तथा जिर्णोद्धार स्थानीय कानुनको आधारमा गरेको छ भने सीमा जोडिएका अन्य स्थानीय तहले यसै कानुनलाई ग्रहण समेत गरेको देखिएन ।

साच्चै नै स्थानीय तहले बनाएका कानुन र त्यसको पालना हुने हो भने सुशासनको दृष्टिले रामराज्य हुने देखिन्छ । यति धेरै विषयमा कानुन बनाईएको भएतापनि त्यसकै उपयोग वा कार्यान्वयन नहुनु आफैंमा दुखद पक्ष हो । गोदावरी र महालक्ष्मी नपाले विनियमावली बनाएका छन् तर उपयोग गर्दैनन् ।बागमती गापाले वित्तीय सुशासन लक्षित करिब आधा दर्जन कानुन बनाएको देखिन्छ तर बिडम्वना सो गापाको बेरुजु नै उदेकलाग्दो छ ने अन्य अवस्था कस्तो होला ? आँकलन गर्न सकिन्छ ।

## ४.१.९ कानुन निर्माणमा जनप्रितिनिधीहरु सहभागिता

केहि स्थानीय तहका प्रमुख वा उपप्रमुख तथा बिधायन समिति सदस्यहरुसँग कानुनको आवश्यकता तथा तर्जुमा प्रकियाको बारेमा जिज्ञासा राख्दा अनभिज्ञता देखाउछन ।सभाका सदस्यहरुले पालिकामा बनेको कानुनहरुको विषयमा जिज्ञासा राख्दा कसले किन के का लागि यति धेरै कानुनहरु बनाईएका हुन भनि प्रतिप्रश्न गर्छन ।तपाई समेत रहेको कार्यपालिका वा सभाबाट पारित भएको यो कानुनको किताब भनी कुरा राख्दा जानकारी नभएको साथै अपबाद बाहेक छक्क पर्दछन ।

जनताको सबैभन्दा नजिक रहेको स्थानिय सरकारले सुशासनको अभ्यास सस्थागत गराउने आधारभूत माध्यम हो योजना तर्जुमा देखि हरेक प्रकृयामा जनता वा सरोकारवालाहरुको अधिकतम सहभागिता ।सहभागिताले अपनत्व बढाउछ लोकतन्त्रका जराहरु मजबुत बनाउछ ।स्थानीयतहमा स्थान बिशेष परिस्थिति बिशेष संभवाना र अवसरको आधारमा अनुकूल हुने गरी कानुनी व्यवस्था आवश्यक रहने भएता पनि त्यसको विचार विमश खासै भएको देखिदैन । सभा वा कार्यपालिका सदस्य नै पालिकाले बनाएको कानुनको कारेमा जानकार छैनन् भने सहभागिताको विषय त परको कुरा भन्दा अत्योक्ति नहोला ।यो कमजोरी वा लापरवाही बिकेन्द्रिकरण वा स्थानीय शासनको अभ्यासमा ठूलो कमजोरी हो।

***<u>अनभिज्ञताको पराकाष्ठा नमुना</u>***

*कुन कानुन सभाले पारित गर्ने हो र कुन कानुन कार्यपालिकाले त्यो समेत हेरिएको छैन ।उदाहरणको लागि बागमती गापाको वजार अनुगमन निर्देशिका गाँउसभाले पारित गरेको भनिएको छ ।जुन स्पष्ट रुपमा कार्यपालिकाले वनाउने कानुन हो । यसै गरी कानुनका सामान्य प्रावधानमा समेत ध्यान नदिएको/नपुगेको देखिन्छ जस्तो कि बजार अनुगमन समितिमा रहने सदस्यहरुः जस्तै*

*सदरमुकाममा भन्दा टाढाको स्थानीयतहहरुमा समितिका प्रतिनिधिहरु चयन गर्दा व्यवहारिक पक्षलाई हेरिएको छैन । सदरमुकाममा रहेका जिल्ला प्रशासन, गुणस्तर तथा नापतौल विभाग, जिल्लाको उद्योग वाणिज्य संघको परिकल्पना निर्देशिकामा राखिनु लापरवाहीको पराकाष्ठा कारण नमूना कानुनको मस्यौदा हुबहु कपि तथा पेस्ट गरियो । यस विषयमा विशेष चासो राखी कसले किन कसरी बनाईयो, यो निर्देशिका भनेर ऐन भनेर चासोराख्दा यसमा नबोल्नु नै उचितहुने भन्दै पालिका उपप्रमुख तर्केको पाईयो ।*

### ४.१.१० कानुन निर्माणमा सरोकारवालाको सहभागिता प्रतिक्रिया वा पृष्ठपोषण

स्थानीय तहदेखि लोकतन्त्रको संस्थागत विकासको लागि अभ्यास हुन सकोस भन्ने अभिप्रायले स्थानीय सरकारहरुले गर्ने विकास निर्माण एवं सेवा प्रवाहलाई स्थानीय परिवेश अनुकुल बनाउन सहजीकरण गर्न स्थानीय कानुन उद्धेश्य हुनुपर्दछ ।कानुन निर्माण आफैमा जटिल वियष भएको र सवै स्थानीय तहमा कानुन बनाउने संख्यगत क्षमता तयार भइसकेको र विज्ञहरुबाट परामर्श सेवा लिदा खर्चिलो हुने भएकाले स्थानीय तहहरुले आफ्नो आवश्यकता, क्षमता तथा सामर्थ्य आदि पक्षको मध्यनजर गरी कानुनको मस्यौदा तयार गर्न वा बनाउन सहज होस भन्ने उद्धेश्य नेपाल सरकारले नमूना कानुनका मस्यौदा उपलब्ध गराएको हुनुपर्दछ । सबै कानुन बनाउदा वडातहमा छलफल वा सरोकारवालाको सहभागिता व्यवहारिक रुपमा संभव नहोला वा आवश्यक पनि नहोला ।

उपलब्ध नमूना मस्यौदा कानुनहरु सवैको लागि आवश्यक नपर्न सक्छ भने यी मस्यौदामा उल्लेखित प्रावधानहरुमा थपघट परिमार्जन गर्न सकिन्छ । तर न्युनतम विधायिकी वा प्रत्यायोजित विधायिकी अभ्यास र अनुकूलन बनाउनु त एउटा सरकारको न्यूनतम जिम्मेवारी पनि हो । दस्तावेज नपढने वा बाध्य नभई नहेर्ने आम नेपाली संस्कारको स्थानीय तहमा छरपस्ट देखिन्छ । शायद कसैले प्रश्न नउठाएकोले होला वा स्थानीय तहको नेतृत्वको प्राथमिकतामा नपरेकोले होला विधायिकी अधिकारको प्रयोगमा न्यूनतम संवेदनशीलता देखिएन । यो लोकन्त्रको अधुरो वा अपरिपक्वताको (Defficiency of Democracy) एउटा नमूना पनि हो ।

### ४.१.११ कानुनको स्रोत निर्मित कानुनको प्रचार प्रसार पैरवी

हरेक कानुनको आआफ्नै विशेषता हुन्छ साथै कानुनको निश्चित स्वरूप वा ढाँचा रहन्छ। जस्तै कानुनको प्रस्तावनामा उद्देश्य सहित मातृ कानुन/ स्रोत कानुनको उल्लेख हुन्छ। त्यस्तै भाषागत शुद्धता फन्ट साइज आदि एउटै संग्रहमा पनि व्यापक असमानता देखिन्छ। हरेक कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले स्थानीय तहले आवश्यक कानुन बनाउने प्रावधान राखेको देखिन्छ। उक्त दफाको आधारमा स्थानीय तहले ऐन बनाउने र सोही ऐनको आधारमा नियमावली तथा नियमावलीको आधारमा निर्देशिका मापदण्ड कार्यविधि बनाउनुपर्ने व्यवस्था हुनुपर्ने सामान्य प्रक्रियालाई पालना गरेको पाईएन ।

स्थानीयतहले कानुन बनाउदा जनप्रतिनिधीहरुको सहभागिता अति नै नगणय रहेको छ साथै सम्वद्ध बिषयगतशाखाको राय सुझाव पनि लिएको देखिदैन। वित्तीय दायित्व थपिने अवस्थामा आर्थिक प्रशासनको सहभागिता पनि पाइँदैन ।

### ४.१.१२ निर्मित कानुन प्रयोगको अवस्था

स्थानीय तहमा प्रयोग हुने प्रमुख कानुनहरूमा आर्थिक ऐन, बिनियोजन ऐन, कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी कानुन र सार्वजनिक खरिद सम्बन्धी कानुनहरू पर्दछन् । त्यस्तैगरी खासगरी सहरी क्षेत्रमा भवन निर्माण संहिता हो । स्थानीय तहहरुमा पनि संघीय सार्वजनिक खरिद ऐन तथा नियमावली प्रयोगमा ल्याइन्छ । तर स्थानीय तहहरुले बनाएको आर्थिक नियमावली एवं खरिद नियमावलीको अवलम्बन गरेको पाईएन । त्यसैगरी खर्च सम्बन्धी मापदण्ड प्रदेश सरकारले तोकेको मापदण्ड अभ्यासमा रहेको देखिन्छ। प्रायः सबै स्थानीय तहहरुले खर्च न्यूनीकरणको लागि आन्तरिक नियन्त्रण कार्यविधी लगायत एकभन्दा बढी कानुन बनाएको देखियो । तथापि न ती कानुनको बारेमा जानकारी प्रचारप्रसार भएको छ न कसैले पालना नै गरेको पाईयो । यस्ता बिषयमा निगरानी वा अनुगमन गर्ने संस्था वा निकायले कहिले प्रश्न उठाएको पनि देखिदैंन ।

## ४.२ स्थानीय तहको कानुन निर्माणमा भएको कमजोरीको कारणहरु

स्थानीय तहमा कानुन निर्मणको क्रममा धेरै कमजोरी देखियो । त्यो कमजोरीहरु तयारी प्रकृया, विधायिकी अभ्यासको चरण, प्रचारप्रसार एवं अभिलेख व्यवस्थापन सबै तिर देखियो । जसको बिस्तृत विश्लेषण माथि नै गरिएको छ। यस्ता कमजोरीका केहि कारणहरुः

पहिलो र प्रमुख कारण हो, कानुन निर्माण जस्तो प्राविधिक एवं जटिल विषयको बारेमा राजनीतिक तथा प्रशासनिक नेतृत्वले महत्व नै दिएन ।जनप्रतिनिधीहरुलाई विधायिकी अभ्यास, महत्व आदिको बारेमा सामान्य प्रशिक्षण हुन सकेन् ।साथै स्थानीयतहमा कानुनको अध्ययन अध्यापन गरेका जनप्रतिनिधी एवं कर्मचारीहरुको उपस्थित पनि अति न्यून रहेको देखियो ।

त्यसैगरी कानुनको ज्ञान भएका वा कानुन पढेका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य अधिकृतहरु सबै स्थानीय तहमा भएनन व न्यून भए । साथै कानुन शाखाको गठन, र कानुनी अभिलेखन अधिकारी पनि तोकेनौ । साथै भएका अधिकृतहरुलाई पनि विधायिकी अभ्यासको बारेमा न तालिम प्रशिक्षण गराउन आवश्यक ठान्यौ वा ध्यान पुऱ्याउन सक्यौं ।

स्थानीयतह वा सरकारलाई कानून मस्यौदा तयारी तथा अन्य विधिगत प्रकृयाको बारेमा सहयोग गर्नको लागि कुनै औपचारिक निकाय वा सम्बन्धित जिल्लाको कानून व्यवसायी परिषद् वा बार एशोसिएसनसँग औपचारिक रुपमा समन्वयको सम्भावना पहिल्याउने काम गरेनौं साथै प्रदेश सरकारले स्थानीय तहका निर्वाचित पदाधिकारीहरुलाई कानून निर्माण प्रकृयाका सम्बन्धमा तालिम वा अनुशिक्षण गर्नु पर्दथ्यो । एकथान कानुन बनाइदिनु नै उपलब्धि ठान्यौं ।

प्रचार प्रसार, प्रशिक्षण, पालनाको अनुगमन वा नगरानी नभएकाले प्रदेश कानुनले तोकिएको विषयमा स्थानीय तहहरुमा जानकारी नै भएन । स्थानीय राजपत्र ऐन वा कार्यविधि जे नाममा कानुन  जारी भए पनि त्यसमा के कस्ता बिषय समावेश छन कसरी कार्यान्वयन हुन्छ र जिममेवार को हो जस्ता सामान्य कुरा पनि हेर्ने चेष्टा स्थानीय तहको नेतृत्वमा देखिएन ।स्थानीय तहले वनाएका भनिएका ऐन कानुनको बनाउने पक्ष स्वयं वा अन्यको सरोकारवालको चासो जिज्ञासा कतै देखिएन वा भएन ।

स्थानीयतहले आफनो जिम्मेवारी प्रभावकारी रुपमा संपादन गर्न केहि विषयमा कानुन बनाउनु स्थानीय तहको आवश्यकता वा बाध्यता पनि हो । तर सोको आवश्यकता स्थानीयतहको वार्षिक नीती तथा कार्यक्रममा देखिनु देखाउनु वा प्रतिबिम्वित हुनु पर्ने थियो तर सो को आभास समेत कतै देखिएन । यस्तो कमजोरी हुन वा पुनरावृत्ती भैरहनुमा संस्थागत क्षमताको न्यूनता वा अभाव नै प्रमुख कारण हो । कानुनको आवश्यकता पहिचान सम्वद्ध विषयगत शाखाहरुमा हुनुपर्ने थियो तर त्यसको लागि कम्तिमा सम्वद्ध शाखालाई जिम्मेवार बनाउन पर्थ्यो जुन हुन सकेन ।फलस्वरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाईटबाट कानुनका नमूना (मस्यौदा) हुवहु copy paste र स्थानीय तहको नामाकरण मात्र भयो ।

स्थानीय तहमा कार्यपालिका वा सभामा विभिन्न विषयगत समितिहरुको परिकल्पना गरिएको छ त्यसको अर्थ, महत्व, औचित्यता थाहा नै नपाई दुई कार्यकाल व्यतित भएको भन्नु अन्यथा नहोला । साथै स्थानीय तहमा अपवाद वाहेक कानुन भनेको न्यायिक समिति भन्ने एकल वुझाइ हुन पुग्यो । Fashion को रुपमा अरुलाई देखाउनको लागि र आफु अव्बल  देखिन पनि कानुनको महत्व संख्यामा खुम्च्याईयो वा देखाइयो मात्र, मानौं अभिभावक नभएका बालबालिका जस्तै।

धैर्यपुर्वक पढ्ने वुझ्ने तथ्यमा आधारित तर्क गर्ने विश्लेषण गर्ने देशको संस्कृति वा अभ्यास स्थानीय तहमा पनि नै देखियो । कतिपय स्थानीय तहमा कानुन शाखाको जिम्मेवारी नै तोकिएन कानुनको अभिलेख राख्ने बैठक माइनुन्ट, रजिष्ट्रर, मस्यौदा मास्टरकपि समेत राख्ने काम कानुन शाखाले आवश्यकता बोध नै गरिएन । यसको लागि प्रशासनिक निगरानी वा मार्गदर्शन हुन सकेन, त्यस्तो कार्यक्षमता पनि देखिएन ।

यसैगरी जिल्ला तहमा समन्वय/सहजिकरणको जिम्मेवार लिएका जिल्लास्तरीय सरकारी निकायहरु खासगरी जिल्ला समन्वय समिति वुख्याचामा सिमित भयो।आफ्नो महत्व, उपस्थिति, भूमिका, जिम्मेवारी आदिको एहसास नै हुन सकेन (कम्तिमा जिससमा शुरुवाति दिन देखि रचनात्मक क्रियाशिलता देखाईएको भए यो तहको हचुवा अभ्यास हुँदैनथ्यो होला)। राज्यबाट उपलब्ध सेवा सुबिधाको सानो अंश पनि जिम्मेवारी निर्वाहमा राज्य हितमा उपयोग हुन सकेन । अपवाद बाहेक कमर्चारीतन्त्रमा अग्रसरता (proactiveness) भएन। ६ वटा मात्र स्थानीयतह भएको ललितपुरमा जिल्ला समन्वय समिति संयन्त्र गतिशील हुन सकेको भए यस्तो कमजोरी सायद हुन्थ्यो ।हुनत एकातिर जिससमा कार्यकारी अधिकार र श्रोतसाधन नभएको भन्ने हिनताबोध छ भने अर्कोतिर

स्थानीयतहले जिससलाई निम्छरो देख्दछन साथै कुनै बिषय जिससलाई जानकारी गराउने वा जिससको सहयोग माग गर्नुलाई अपमान बोध जस्तो पनि देखियो वा महशुस गरियो अध्ययनको क्रममा । यसले पनि स्थानीय सरकारले स्वायत्तताको प्रयोगमा कमजोरीहरु छरपष्ट हुन पुग्यो, निगरानी निकाय, संचार माध्यम एवं आम मतदातामा संघीय शासन प्रति निराशा र अविश्वास बढायो ।

यसैगरी स्थानीय तहको प्रशासनिक नेतृत्वमा विधायिको अभ्यासलाई संस्थागत गराउने र कानुन निर्माण तथा सो को अभिलेख व्यवस्थापनलाई खासै महत्व दिएको पनि देखिदैन । अध्ययनकै क्रममा पटक-पटक स्थानीय तहका सम्वद्ध शाखा तथा अधिकारीहरुसँग छलफल गरी कमजोरी औंल्याइदिदा पनि अपवाद बाहेक प्रशासनिक संवेदनशीलता पनि देखिएन । यसरी राजनैतिक एवं प्रशासनिक नेतृत्वबाट अपेक्षित स्वामित्वबोध नहुन र उपेक्षित हुँदा स्थानीय तहमा विधायिकी अभ्यास निष्प्रभावी हुन पुगेको देखिन्छ ।

# खण्ड-पाँच
# सुझावहरु र निष्कर्ष

निसन्देहः स्थानीयतहमा कानुन निर्माणको अभ्यास उदेक लाग्दो देखिन्छ । यस जिल्लाका सबै स्थानीय तहले दर्जनौं कानुन त बनाएका छन् । बिडम्बना न त निर्मित कानुनको आवश्यकता वा औचित्यता पहिचान भयो न संघ वा प्रदेश सरकारले बनाएका कानुनले निर्धारित गरेका मापदण्ड वा बिधी र प्रकृयाको पालना नै भयो । त्यसमाथि आफैले बनाएका कानुनको बारेमा स्थानीय तहमा सामान्य छलफल पनि गरिएन र बनाईएका कानुनहरु तोकिए बमोजिम प्रदेश एवं संघीय मामिला मन्त्रालयमा पठाईएन पनि । हुनत पठाईएकै भए पनि कसैले हेर्ने पृष्ठपोषण दिने कार्य नै शायदै हुन्थ्यो । अध्ययनको क्रममा स्थानीय तहमा सम्बद्ध कर्मचारीहरुसँग जिज्ञासा चासो राख्दा वा कमजोरी औंल्याउँदा वा त्यसको कारण खोज्दा यस विषयलाई कसैले पनि महत्व दिएको जस्तो लागेन। हुनसक्छ अध्ययनको क्रममा हामीले पर्याप्त तयारी गर्न सकेनौं वा अध्ययन किन गरिदै छ भन्ने बुझाउन सकिएन पनि होला । तथापी स्थानीय तहको विधायिकी अभ्यासमा पहिचान भएका कमजोरीलाई उपयुक्त मञ्चहरुमा उजागर गर्दै सुधारको लागि हातेमाले गर्न सकिएमा कानुन निर्माण लगायत स्थानीय तहको समग्र संस्थागत क्षमता सुधारमा योगदान पुग्ने देखिन्छ। फलस्वरुप स्थानीय तहदेखि नै लोकतन्त्रको संस्थागत विकास हुन गर्न संघीय शासन प्रणाली प्रति आस्था र विश्वास बढाउन सकिन्छ ।

स्थानीय सरकारको शासकीय अभ्यासको प्रभावकारिताले मात्र लोकतन्त्र तथा सुशासनको सार्थकता हासिल गर्दछ । राष्ट्रिय चरित्र जस्तै स्थानीय तहको राजनैतिक नेतृत्वमा सम्वद्ध दस्तावेजहरुको अध्ययन गर्ने, घोत्लिने, सामुहिक छलफल गर्ने, नीतिगत सुधारमा समय दिने जस्ता अभ्यासहरु अति नै न्यून देखिन्छ । व्यवहारमा बिकासको परिभाषा वा बुझाई पनि फरक रहेको अनुभूति हुन्छ । स्थानीय शासनको अभ्यास धेरै लामो भैसकेको पनि छैन र मुल्यांकन गर्ने अवधि पनि पुगेको भन्न शायदै मिल्ला । अपितु अध्ययनको विषयलाई केन्द्रित गरेर हेर्दा स्थानीय तहमा विधायिकी अधिकारको महत्व र मर्मको बोध नभएको वा अति नै कमजोर भएको भन्दा अत्याक्ति नहोला । यसको अनेक कारणहरु पनि छन। एकातिर स्थानीयतहको संस्थागत क्षमता अभिबृद्धि तथा सुदृढीकरणमा सम्वद्ध निकायहरुले समन्वय तथा सहजीकरण अपेक्षित रुपमा गर्न सकेनन वा गरेनन। अर्कोतिर स्वयं स्थानीय तहहरुमा सवल र दुर्वलपक्षको बारेमा बिवेचना गर्ने छलफल गर्ने अभ्यास अपवाद बाहेक देखिएन । साथै स्थानीय तहहरुले क्षमता विकासलाई अनावश्यक लगानीको रुपमा स्वीकार पनि गरियो । अपवाबाहेक स्थानीयतहमा प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षबीच सुमधुर सम्बन्ध नभएकोले पनि नीतिगत सुधारका धेरै बिषय या त ओझेलमा परे या कागजमै सिमित भएको देखिन्छ ।

प्रस्तुत अध्ययनमा आधारित भै निर्मित कानुनमा सामयिक सुधार एवं नयाँ कानुन बनाउँदा आधारभूत प्रक्रियाको पालना, सरोकारवालाको सहभागिता एवं स्वीकार्यता जस्ता विधायिकी अभ्यासलाई संस्थागत गराउन उपयुक्त केहि सुझावहरुः

## १. कानुन निर्मणमा समन्वय तथा सहजीकरणको प्रवन्ध गरिनुपर्ने

स्थानीय तहको संस्थागत क्षमता अपवाद बाहेक प्राम्भिक चरणमा रहेकाले स्थानीयतहले कानुन बनाउदा संघीय तथा प्रादेशिक कानूनसँग नबाझिएको सुनिश्चितता, आफ्नै पालिकाले बनाएको कानुन अन्य कानूनसँगको सामञ्जस्यता गर्नु पर्ने विषय, छिमेकी तथा अन्य स्थानीय तहहरुसँग काम पर्ने विषयमा ती पालिकाहरुको कानूनसँगको तादाम्यता मिलाउनु पर्ने जस्ता पक्षमा राय लिन तथा दिन सस्थागत व्यवस्था गर्नु पर्ने देखिन्छ । स्थानीय तहको कानुन निर्माण प्रक्रियामा प्रदेशको भुमिकालाई अनिवार्य बनाउन उपयुक्त हुने ।

## २. स्थानीय तहमा निर्मित कानुनमा पुनरावलोकनको लागि सूझाव

संघीय तथा प्रदेश सरकारबाट स्थानीयतहले विगतमा बनाएका कानुनहरुको विषयमा पुनरावलोकन वा परिमार्जनको लागि विशेष पहल आवश्यक देखिन्छ ।यसले स्थानीय तहको सुशासनमा श्रृजनात्मक रक्तसंचार गराउने देखिन्छ। खासगरी आगामि आर्थिक बर्ष २०८२/८३ लाई संघीय सरकारले कानुन निर्माण तथा पुनराबलोकन बर्षको रुपम लिएकाले स्थानीय तहमा पनि बिगतमा बनाईएका कानुनमा सुधारको उत्तम अवसरको रुपमा उपयोग गरिनु उत्तम हुने। संघीय सरकारले बृहत क्षेत्र लक्षित आचारसंहिता जारी गरेको हुँदा स्थानीय तहबाट पनि त्यसमा योगदान गर्न सकिने हुन्छ । यसले नागरिकलाई जिम्मेवार एवं जवाफदेही बनाउन योगदान हुने ।

## ३. स्थानीय तहको राजनैतिक नेतृत्वलाई बिधायिकी अभ्यासको बारेमा प्रशिक्षण

आजको बिकृत राजनैतिक अभ्यासको जड असल राजनीतिक सस्कारको शिक्षा आधारभूत तहमा लैजान नसकिनु हो । जसको मुल्य समग्र देशले भुक्तानी गरिरहनु परेको छ । त्यसैले हामी भन्दै आएको लोकतान्त्रिक संस्था, संस्कृति स्थानीय तहको राजनीतिक अभ्यास वा शासकीय प्रवन्धमा समाहित गरिनु आवश्यक देखिन्छ । त्यसको सबैभन्दा उत्तम मञ्च हो स्थानीय तहका राजनैतिक नेतृत्वबाट विधायिक अभ्यासको थालनी र जिम्मेवारी बोधको भावना अभिबृद्धि। यो अभ्यासले मुलुकको जिम्मेवारी एवं जवाफदेहिता अभिवृद्धिमा दिर्घकालीन महत्व राख्दछ । तालिम प्रदायक संस्था/निकायलाई यस दिशामा उपयोग गर्न सकिन्छ। चालु आवमै स्थानीय तहको निर्वाचन भई नयाँ जनप्रतिनिधी चयन हुने भएकाले प्रारम्भ देखि नै विधायिकी अधिकार, सीप, अभ्यास, महत्व जस्ता विषयमा प्रशिक्षण दिनु पर्ने ।

## ४. क्षमता बिकासमा संलग्न निकायहरुको तालिमको बिषय तथा तरिकामा आमूल सुधार गरिनु पर्ने

स्थानीय तहको सस्थागत क्षमता विकासमा संलग्न तालिम प्रदायक सस्थाहरुको सिकाउने विषयवस्तु दशकौ पुरानो र शब्दजाल Jargon or Terminology based छन । अंग्रेजीमा तयार गरिएका दशौंपटक कपि र पेष्ट गरिएको सैद्धान्तिक ज्ञानमा आधारित क्षमता विकासको अभ्यास भएकाले कार्यक्षेत्रमा दशकौ पुरानो रोगको पुनरावृत्तिलाई निरन्तरता दिईएको छ । यो रोग

आजपर्यन्त पनि जारी नै छ । तसर्थ तालिम प्रदायक संस्थाहरुले ब्यवहारिक तथा घटना केन्द्रित समस्यालाई तालिमको विषयवस्तुमा समावेश गराएमा स्थानीय तहको विधायिकी अभ्यासमा अहम योगदान पुग्ने देखिन्छ।

**५. स्थानीय तहबाट निर्मित कानुनको परीक्षण तथा पृष्ठपोषणको अभ्यास थालनी गर्नेः**

स्थानीय तह स्वायत्त छन् तर निरपेक्ष स्वतन्त्र पनि होईनन। मुलुकमा सुंसस्कृत राजनीतिक संस्कारको अभ्यासको स्थानीय तहबाट मात्र बिजारोपण आवश्यक देखिन्छ। स्थानीय तहबाट कानुनमा तोकिएको विधी अवलम्वन भए मात्र सुशासन अंकुरण संभव हुन्छ । त्यसैले स्थानीय तहको आयव्ययको लेखा परीक्षणा मलेपले गरेजस्तै कानुनको परीक्षण गर्ने न्यूनतम योग्यता र स्पष्ट जिम्मेवारी सहित सस्थागत प्रवन्ध गर्न आवश्यक देखिएको । प्रदेश सरकारको प्रत्येक निगरानीमा जिसस उत्तम मञ्च हुन सक्छ ।

**६. नमूना कानुनको स्थानीयकरण तथा पारित गर्ने सामान्य बिधि तोकिदिने**

संघ तथा प्रदेश सरकारले बिभिन्न कानुनका मस्यौदा नमुना उपलब्ध गराउने अभ्यास स्वागतयोग्य राम्रो छ तर स्थानीय तहले त्यसलाई अनुकुल गराउने साथै पारित गर्ने न्यूनतम मापदण्ड तोकिदिनु पर्ने देखियो। अन्यथा स्थानीय तह देखि नै Copy and Paste गर्ने विगतको गलत अभ्यासमा सुधार संभव छैन । विधायिकी अभ्यास हुन सकोस साथै सहभागिताको मर्मले सार्थकता पाओस् ।

**७. स्थानीय तहको प्रशासनिक विधायिकी अभ्यासको बारेमा जिम्मेवार बनाउनेः**

स्थानीय तहको कार्यक्षेत्र एवं जिम्मेवारी ब्यापक छ । प्रशासनिक, व्यवस्थापकीय सीप वा कौशलताको अतिरिक्त कार्यपालिका एवं सभाको सचिवको जिम्मेवारी निर्वाह गर्न आधारभूत विधायिकी ज्ञान अत्यावश्यक हुन्छ । स्थानीय तहमा प्रशासिनक नेतृत्वमा एकातिर कोरा अनुभव बिहिन कर्मचारी छन। यस्ता जनशक्तिलाई पहुँच वा प्रभाव वा दबावमा स्थानीय तहको प्रशासनिक नेतृत्वको जिम्मेवारी खटाउने अभ्यास अति नै घातक देखिन्छ। अर्कोतिर अन्य कामको बोझले कानुनको बिषयले महत्व नै नपाउने समस्या देखियो । त्यसमाथि कानुनको बारेमा खासगरी विधायिकी अभ्यास सम्बन्धी बिषयको जानकारी पनि कमै रहेको पनि देखियो। स्थानीय कानुन निर्माणमा प्रमुख प्रशासकीय अधिकृतको अहम् भूमिका तथा जिम्मेवारी हुने भएकाले तदअनुरुप सक्षम तुल्याउन कार्यसम्पादन मूल्याङ्कनमा निश्चित मानक समावेश गर्न अत्यावश्यक रहेको देखिन्छ । अन्यथा स्थानीयतहको विधायिकी अभ्यासमा सुधारको गुञ्जायस देखिदैन ।

**८. जिल्ला समन्वय समितिलाई समितिलाई सहजीकरणको लागि अधिकतम परिचालन**

जिल्लाका स्थानीय तहमा समन्वय/सहजिकरणको जिम्मेवारी बोकेको जिल्ला समन्वय समितिले आफ्नो महत्व उपस्थिति भूमिका जिम्मेवारी निर्वाहमा अग्रसरता देखाउन सकेमा स्थानीय सुशासनमा धेरै सहयोग हुने निश्चत रहेको छ । यसको लागि जिससको राजनैतिक नेतृतवलाई जिम्मवार बनाउने साथै उपयुक्त जनशक्ति सहित श्रोत साधन उपलब्ध गराउन आवश्यक देखिन्छ । जिससलाई अहिले जस्तो औपचारिकतामा सिमित नगरी जिम्मेवार तथा जवाफदेहि

बनाईएमा जिल्ला स्थानीयतहको शासकीय सुधारको अभ्यासमा थोरै लगानी धेरै सहयोगी र पुरक भूमिका निर्वाह गर्ने क्षेत्र धेरै छन् ।

**९. कानुन निर्माणको प्रकृया तथा अभिलेख व्यवस्थापनलाई मुल्यांकनमा समाबेश गरिनु पर्ने**

स्थानीय तहको कानुन निर्माण/विधायिकी अभ्यास यो कुनै रकेट बिज्ञान होईन। गत आव देखि अवलम्वन गरिएको स्थानीय शासन कार्य सम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) मा निर्मित कानुनको निर्धारित मापदण्ड प्रकृया तथा अभिलेखन पालना भए नभएको बिषय समाबेश भएमा यसले स्थानीय तहमा न्यूनतम विधायिकी अभ्यासको लागि प्रेरक(Catalyst) को काम गर्दछ । स्थानीय तहमा न्यूनतम विधायिकी अभ्यासले जिम्मेवार संस्कृतिको विकास र जवाफदेहितामा अभिवृद्धि गर्दछ भने स्थानीय सरकार प्रति नागरिकमा भरोसा र विश्वास बढाउने देखिन्छ ।

# निश्कर्ष

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको आधारस्तम्भ भनेको स्थानीय सरकार हुन । जनताका सबैभन्दा नजिकको स्थानीय सरकारकले समयानुकूल कानुन निर्माण प्रक्रियालाई आत्मसाथ गर्दै असल अभ्यास गर्न सकेको खण्डमा स्थानीय स्तरबाट नै कानुनी शासनको जग बलियी भइ लोकतन्त्रको लाभ साँचो अर्थमा जनतामा प्रवाह हुन सक्तछ। संघीयतालाई सस्थागत गराउन स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने हुँदा प्रदेश सरकार तथा संघीय सरकारले स्थानीय तहलाई कानुन निर्माणमा समन्वय तथा सहजीकरण आवश्यक देखिन्छ । यस जल्लाका स्थानीय तहहरुले विगत नौ वर्षमा कानुन निर्माणको बिषयमा आधारित अध्ययनले रुपान्तरणको आवश्यकता खटकिएको देखिन्छ । स्थानीय तहमा निर्वाचित जनप्रतिनधिहरु नीतिगत रुपमा जनहितमा केन्द्रित हुने र कर्मचारी प्रशासन व्यवसायिक हुन सकेका खण्डमा मात्र स्वायत्त शासनको भावनाले सार्थकता पाउछ। साथै सार्वजनिक सेवाप्रवाह र विकास निर्माणमा सुधारभई आमनागरिकमा राज्य वा सरकारप्रति बिश्वास, भरोसा सहितको सकरात्मक धारणा बढछ ।

जिल्लाका छ स्थानीय तहमा ३०० भन्दा धेरै कानुन बनाईएको देखिन्छ।स्थानीय तहगत कानुनको लामो फेहरिस्त बनाईएको भएता पनि एकातिर तर्जुमाका आधारभूत प्रकृयाको पालना नहुदा धेरै जनप्रतिनिधि तथा अधिकांश जिम्मेवार कर्मचारीहरु पनि निर्मित कानुनको बारेमा अनभिज्ञ छन । अर्कोतिर निर्मित कानुनको प्रयोजन तथा लक्षित समुदायमा कानुनको जानकारी प्रवाह नहुँदा समय श्रोत साधनको सदुपयोग त भएनन नै स्थानीयतहको नेतृत्व प्रति प्रश्न उठाएको छ अर्थात् स्थानीय सरकारप्रतिको आलोचनालाई उर्जा थपेको छ। कानुन निर्माणको सन्दर्भमा यस जिल्लाका स्थानीय तहहरुमा वास्तविक अभ्यासको सिमित कोणबाट बिश्लेषण गरी तयार प्रतिवेदनमा सवल तथा दुर्वल पक्ष र त्यसका कारणहरु केलाईएको छ ।नमुना कानुनका मस्यौदालाई जस्ता त्यस्तै नाम मात्र राखेर वा परामर्शदाताले तयार गरेको कितावलाई एकबँदै निर्णयको आधारमा कानुन बनाएको वा मान्यता दिने गलत अभ्यासमा सुधार वा रुपान्तरण आवश्यक देखिन्छ। जिससकै पहल तथा सक्रियतामा तयार गरेको यो प्रतिवेदनले कानुन निर्माणका बिभिध पक्षलाई उजागर गरेको छ नै। साथसाथै स्थानीय कानुन निर्माणमा सुधार लागि व्यवहारिक वा कार्यान्वयनयोग्य सुधारका उपायहरु शासकीय प्रबन्ध वा अभ्यासमा उपयोगी हुनेछन्।

कानुन निर्माण एउटा जटिल र प्राविधिक बिषय हो । सस्थागत विकासमा बामे सर्दै गरेका स्थानीय तहबाट यति चाँडै परिपक्वताको अपेक्षा गर्नु हुदैन वा संभव छैन पनि तथापी कानुन बनाउने कार्य सामान्य प्रशासनिक निर्णय भन्दा सस्तो बनाउदा सस्थाप्रति नै गलत सन्देश प्रवाह गरेको छ । अपितु Morning Shows Day भने जस्तै स्थानीय सरकारको नाममा कानुनहरुको लामो फेहरिस्त बनाई वेभसाईटमा अपलोड गरिनु, संग्रहको रुपमा प्रकाशन पनि गरिनु तर न त्यसको प्रकृयागत अभिलेख हुनु न जनप्रतिनिधी वा कर्मचारीहरुले अपनत्व पनि नलिनु शासकीय अभ्यासको गंभिर लापरवाहीको नमुना भन्न सकिन्छ।

अध्ययन प्रतिवेदनले कमजोरी केलाएको मात्र होईन । यसमा हालसम्म बनाईएका कानुनलाई आधार मानेर आगामी आ.व.लाई कानुन सुधार वर्षको रुपमा काम गर्न सकिने देखाएको छ।

जिल्लामा स्थानीय तहलाई समन्वय तथा सहजिकरणको जिम्मेवारी पाएको जिल्ला समन्वय समिति यो क्षेत्रमा सहयोगको लागि तत्पर तथा सक्षम रहेको छ। स्थानीयतहमा कानुन निर्माणमा देखिएको हचुवा प्रवृतिमा सुधारको लागि यो प्रतिवेदन सहयोगी हुने देखिन्छ नै । साथै अति सानो लगानीमा जिससले यस्ता रचनात्मक काम गरी स्थानीय तहको संस्थागत विकासमा सहयोगी हुन सकिने एउटा नमूना प्रस्तुत गरेको छ। स्थानीय तहको कानुन निर्माणमा अविभावकत्व बोकेको प्रदेश सरकारले यस कार्यमा आँफैले वा श्रोत साधन अधिकार सहित जिल्ला समन्वय समितिलाई जिम्मेवार तथा जवाफदेही बनाउन सक्तछ ।

अन्तमा, स्वायत्त शासनको मर्म र भावना अनुरुप स्थानीय तहलाई सवल सक्षम तथा जवाफदेही बनाउने दिशामा सहयोग गर्नु हाम्रो अभिष्ठ हो । करिव दुई कार्यकालको अभ्यासले धेरै कुरा सिकाएको मात्र होईन धेरै पक्षमा स्थानीय तहमा सस्थागत सुधार पनि भएका छन। प्रतिवेदनमा उल्लेखित कानुनको एकीकृत बिवरण तथा विधायिकी अभ्यास र अभिलेख व्यवस्थापनजस्ता अन्यपक्षले सरोकारवालाहरुलाई राम्रो सन्दर्भ सामग्री तयार भएको छ । अध्ययनमा सहयोग गर्नुहुने सबै प्रति आभार !

# अनुसूचीहरुः

## अनुसूची -१

संघीय मामिला तथा सामान्य प्रशासन प्रशासन मान्त्रालयबाट जारी भएका स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधिको नमूना

**(......गाउँ/नगर कार्यपालिकाबाट पारित)**

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न ....... गाउँपालिका/नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम ....... गाउँ/नगर कार्यपालिकाको मिति .............. मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### भाग- १ प्रारम्भिक

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

२. **कार्यविधि लागू हुनेः** यो कार्यविधि .......... गाउँ/नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

### भाग- २ स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरुः** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचाः** स्थानीय राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष ( उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्याः** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः** स्थानीय राजपत्र ...... गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग- ३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः** (१) प्रकाशन हुने सामग्री गाउँ/नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **<u>निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने</u>** : गाउँपालिका/नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिका/नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा, र

(ङ) गाउँपालिका/नगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **<u>वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः</u>** गाउँपालिका/नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिका/नगरपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **<u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः</u>** (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिका/नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

१५. **<u>कार्यविधिको व्याख्याः</u>** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिका/नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१६. **<u>बचाऊः</u>** यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिका/नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

**अनुसूची- १**

(दफा ३ सँग सम्बन्धित)

## स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा गाउँ/नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

... गाउँपालिका/नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः... | संख्याः... | मितिः ..../../.. |

## भाग-२

## ...... गाउँ/नगरपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

नेपालको संविधान, २०७२ को धारा २२६ अनुरुप स्थानीय तहले कानुन निर्माण प्रक्रिया सम्बन्धमा बागमती प्रदेश सरकारले जारी गरेको गाउँ/ नगर/ जिल्ला सभा संचालन कार्यविधि ऐन, २०७५ (प्रकाशन २०७५।०१।२० संशोधन २०७७।०४।१६) को परिच्छेद -३ मा उल्लेखित दफा २६ दफा २९ र दफा ४८ प्रावधान अनुरुप तोकिएको कानुन निर्माणको क्रममा स्थानीय तहले पालना गर्ने पर्ने चरणहरुः

## अनुसूची -१

(दफा २६ को उपदफा ७ सँग सम्बन्धित)

......पालिका

....... सभा

**कार्यसूची र समय तालिका**

बैठक संख्याः बैठक स्थानः अध्यक्षताः

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |

***छलफलको समय तालिका***

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची -२

(दफा २९ को उपदफा (४) सँग सम्बन्धित)

**....पालिकाको .........सभामा प्रस्तुत कानूनको अभिलेख**

**........गाउँ सभा/ नगर सभा**

| दर्ता नं. | विधेयकको नाम | दर्ता मिति | मूल संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | दफावार छलफल | पारित मिति | प्रमाणीकरण मिति | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अभिलेख तयार गर्नेको

**दस्तखतः**

नामथरः

पदः

मितिः

अभिलेख जाँच गर्नेको

**दस्तखतः**

नामथरः

पदः

मितिः

## अनुसूची -३

(दफा ४८ को उपदफा (१) सँग सम्बन्धित)

......पालिकाको ... सभामा स्वीकृत कानूनको अभिलेख

......... गाउँसभा/ नगरसभा

| दर्ता नं. | विधेयक को नाम | सभाबाट स्वीकृत भएको मिति | संशोधन भएको भए सोको मिति | सभामा प्रस्तुत मिति | पारित मिति | प्रमाणीकरण मिति | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

अभिलेख तयार गर्नेको

दस्तखतः

नामथरः

पदः

मितिः

अभिलेख जाँच गर्नेको

दस्तखतः

नामथरः

पदः

मितिः

## सन्दर्भ सामाग्रीहरु

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- गाउँ/नगर/जिल्ला सभा सञ्चालन(कार्यविधि) ऐन, २०७५(बागमती प्रदेश)
- ललितपुर जिल्लाका स्थानीय तहबाट निर्मित कानूनहरु(ऐन, नियमवाली, निर्देशिका, कार्यविधि, मापदण्ड)
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाईटमा अपलोड गरिएका विभिन्न कानुनका नमूना
- स्थानीय तहका बार्षिक नीति तथा कार्यक्रम
- स्थानीय तहका बार्षिक प्रगति प्रतिवेदन

अध्ययन प्रतिवेदनको मस्यौदा उपर छलफल कार्यक्रमका केही फोटोहरू








TOILET


AQUA
ANNA


AQUA
ANNA




COMMITTEE , LALITPUR
LALITPUR DISTRICT MAIN URBAN AREA